हइटीका प्रधानमन्त्रीले राजीनामा दिदै | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २८६ • २०८० साल फाल्गुन ३० गते बुधबार (13 March, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सुन नपाउँदा विवाह गर्न अस्वीकार गरेका बेहुलासहित पक्राउ



**टुडे समाचारदाता**

बारा । सुनको सिक्री दाइजो नदिएको भन्दै विवाह गर्न अस्वीकार गरे पछि वीरगञ्जबाट प्रहरीले बेहुलासहित ५ जनालाई पक्राउ गरेको छ ।

वीरगञ्ज महानगरपालिका-२४ स्थित रानिघाटबाट बेहुलासहित ५ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले जानकारी दिए ।

सुनको सिक्री नपाएको भन्दै बाराको कलैया उपमहानगरपालिका-४ स्थित सिनेमा चोक बस्ने उमेश साहले मण्डपबाट नै विवाह अस्वीकार गरेका थिए ।

उनले पर्साको वीरगञ्ज महानगरपालिका-२४ स्थित रानीघाटका सुखल शाहकी २४ वर्षीया छोरी रमिता कुमारीसँग विवाह गर्दै थिए । बेहुला वीरगञ्ज महानगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत कम्प्युटर अपरेटर हुन् । पीडित परिवारले बेहुला पक्ष विरुद्ध पर्सा प्रहरीमा जाहेरी दिए पछि आरोपितहरुलाई पक्राउ गरेको उनले बताए ।

बेहुलाले मधेशी समाज र रीतीरिवाज अनुसार जयमाला लगायतका विधि सकेर अबेर राति मण्डपमा बसिरहेको बेला विवाह गर्न आलटाल गर्दै विवाह छोडेर जाने प्रयास गरे पछि बेहुली पक्षले प्रहरीलाई खबर गर्दा दुवै पक्षलाई जिप्रकामा झिकाएर छलफल गराउन खोजेको थियो । तर सहमति नजुटेपछि बेहुला पक्षका ५ जनालाई नियन्त्रणमा लिएको छ ।

अधिवक्ता प्रतिमा चौरसियाका अनुसार यस्तो अपराध गर्नेलाई कानुन बमोजिम तीन वर्ष कैद वा तीस हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था रहेको छ ।

### सत्ता गठबन्धनमा नयाँ सहमति

# प्रचण्ड, नेपाल र ओली १५/१५ महिना प्रधानमन्त्री, उपाध्यक्ष एसलाई

**टुडे समाचारदाता**

काठमाण्डु । नयाँ गठबन्धनमा समावेश भएको नेकपा एकीकृत समाजवादी (एस) लाई १५ महिना प्रधानमन्त्री र राष्ट्रिय सभामा उपाध्यक्ष दिन अलिखित सहमति भएको छ ।

सत्ता साझेदार पाँच दल बीच मंगलबार भएको सहमतिमा एमालेलाई राष्ट्रियसभामा उपाध्यक्ष दिने पुरानो बुँदा हटाएर सात बुँदे सहमति भएको हो । नेपाली कांग्रेसको साथ छाडेर एमालेसित सत्ता साझेदारी गरेको प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'का लागि एसको साथ बाध्यात्मक थियो ।

नेकपा एसको सोमबार भएको संसदीय दलको बैठकमा अध्यक्ष माधव कुमार नेपालको कडा आलोचना गरिएको थियो । बैठकका सहभागीहरुले लिखित रुपमा सम्झौता गर्न दबाब दिए पछि नेपाल समेतको हस्ताक्षर रहेको ७ बुंदे सहमति सार्वजनिक गरिएको छ ।

प्रधानमन्त्री प्रचण्ड, एमाले अध्यक्ष केपी शर्मा ओली र एसका अध्यक्ष नेपालबीच मंगलबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा भएको बैठकमा नेपाललाई सरकारको बाँकी कार्यकाल ४५ महिना मध्ये १५ महिना प्रधानमन्त्री बनाउन सहमति भएको बताइएको छ ।



गत फागुन २१ गते प्रधानमन्त्री प्रचण्ड, एमाले अध्यक्ष ओली, राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) र जनता समाजवादी पार्टी( जसपा) नेपालबीच सहमति भएको थियो । एसलाई अलग राखेर गरिएको सहमतिप्रति नेपाल सन्तुष्ट थिएनन् । उनले प्रधानमन्त्रीमा सुनिश्चितता चाहेका थिए ।

एसका उपाध्यक्ष राजेन्द्र पाण्डेले सात बुँदेबाहेक अन्य सहमति नभएको दाबी गरेका छन् । 'सत्ता साझेदार दलमा आफ्नो पार्टी थपिएको छ' उनले भने, यसअघि चार दलबीचको सहमतिमा रहेको उपाध्यक्ष पदबारे पछिल्लो सहमतिमा केही नबोलिएकाले शीर्ष नेताबीच सो पद आफ्नो पार्टीको भागमा परेको बुझेको छु ।

'ठ्याक्कै यही हो भन्ने त मलाई जानकारी भइसकेको छैन ' पाण्डेले भने, तर घटनाक्रम हेर्दा त्यस्तै बुझिन्छ ।'

नयाँ सहमति पत्रमा नेकपा (माओवादी केन्द्र) का 'प्रचण्ड'को नेतृत्वमा पुनर्गठित वर्तमान सरकारलाई सुदृढ र सफल पार्ने र राष्ट्रिय सभाको रिक्त रहेको अध्यक्ष पदमा नेकपा (माओवादी केन्द्र) का उम्मेदवारलाई समर्थन गर्ने उल्लेख गरिएकोछ । सहमति अनुसार राष्ट्रिय सभाको अध्यक्ष पदमा माओवादी केन्द्रका नारायण दाहाल निर्वाचित भइसकेका छन् ।

फेरिएको सत्ता समीकरणलाई समर्थन गर्नुपर्दा पावर सेयरिङमा आफू कम्तीमा एक वर्ष प्रधानमन्त्री र कुनै प्रदेशको एउटा मुख्यमन्त्री पाउनुपर्ने अडान नेपालले लिएका थिए । एसको समर्थन बिना सत्ता गठबन्धन धरापमा पर्ने उच्चजोखिमको मुल्यांकन गर्दै एमाले अध्यक्ष ओली र प्रधानमन्त्री प्रचण्डले नेता नेपाललाई मौखिक रुपमा १५ महिनाका लागि प्रधानमन्त्री बनाउने विश्वास दिलाएको स्रोतहरुले जनाएका छन् ।

तर एसलाई मुख्यमन्त्री दिन तत्काल नसकिने बताउँदै एक वर्षपछि त्यो पनि दिने बताइएको छ ।

एमालेका प्रमुख सचेतक महेश बर्तौलाले एमाले सत्ता साझेदार दलको विश्वास जित्न उच्चस्तरको सहमति कायम गर्न तयार भएको बताए । ' नेपाललाई १५ महिना प्रधानमन्त्री दिन प्रचण्ड र ओली नै तयार भएको संकेत गर्दै उनले भने , 'एमाले सहयात्री दलहरूको विश्वास जित्दै अगाडि बढ्न तयार छ । त्यसका लागि यो गठबन्धन जोगाउन र सरकारलाई सहज ढंगले अघि बढाउन मिल्नेसम्मका सहमति गर्नबाट पछि नहट्ने उनले बताए ।

कांग्रेससहितको अघिल्लो गठबन्धनमार्फत प्रधानमन्त्री बन्ने सम्मुखमा सत्ता समीकरण नै परिवर्तन भए पछि विलखबन्दमा परेका नेता नेपालले बदलिएको सत्ता समीकरणलाई सहयोग गर्न र सरकारमा सहभागी बन्न विभिन्न सर्त अघि सारेका थिए । एसले अघि सारेका केही मागसहित केन्द्रदेखि प्रदेशसम्मको पावर सेयरिङमा प्रचण्ड ओलीसँग लिखित सहमति खोजेको थियो ।

प्रचण्ड र ओलीबीच पनि प्रधानमन्त्रीबारे कुनै लिखित सहमति नभएकाले नेपालसँग पनि लिखित सहमति नभएको प्रधानमन्त्री प्रचण्डका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए । 'पावर सेयरिंग'को विषयमा थप छलफल प्रधानमन्त्रीले बुधवार विश्वासको मत प्राप्त गरे पछि हुने उनले बताए ।

यसअघि एमालेसहितको गठबन्धन बन्दा संसद्को बाँकी कार्यकाल प्रचण्ड र ओली दुई /दुई वर्ष प्रधानमन्त्री बन्ने दुई नेताबीच सहमति भएको थियो । तर फेरिएको सत्ता समीकरणमा नेता नेपालको पार्टी महत्वपूर्ण हुने भएपछि उनलाई फकाउन प्रधानमन्त्री प्रचण्ड र केपी ओलीले पटक पटक भेटवार्ता गरेका थिए । ती भेटहरूमा पनि अध्यक्ष नेपालले सत्ताको पावर सेयरिङमा आफ्नो स्पष्ट भूमिका खोज्दै आएका थिए






# जनमत पार्टीले इलाम र बझाङमा उम्मेदवारी दिने



टुडे समाचारदाता

काठमाण्डु । जनमत पार्टीले इलामको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं २ तथा बझाङको प्रदेशसभा क्षेत्र नं १ (१) मा हुन गइरहेको निर्वाचनमा उम्मेदवारी दिने भएको छ ।

सो पार्टीका राष्ट्रिय प्रवक्ता डा शरद्सिंह यादवले सो पार्टीको केन्द्रीय सचिवालयको हालैको बैठकका निर्णयहरु सार्वजनिक गर्दै सो जानकारी दिएका हुन् ।

साथै सो पार्टीले इलाम र बझाङमा हुन लागेको निर्वाचनमा उम्मेदवारी दिनाका साथै नयाँ बनेको सत्ता गठबन्धनमा तत्कालै सहभागी नहुने र सप्तरीमा २०८० साल माघ ८ गते भएको घटनाको छानबिन गर्न बनेको समितिले दिएको प्रतिवेदनउपर छलफल गरी निर्देशित प्रक्रिया अगाडि बढाउने निर्णय गरेको जानकारी पनि उनले दिए ।

# गिद्धको बासस्थान संरक्षणमा सामाजिक सङ्घसंस्थाको चासो

महोत्तरी । लोपोन्मुख पक्षी गिद्धको बासस्थान फेला परेपछि महोत्तरीका सामाजिक सङ्घसंस्थाले त्यसबारे चासो बढाएका छन् । जिल्लाका चुरे पर्वत श्रेणीमा पर्यटन विकासको सम्भावना खोजी गर्न पदमार्ग निर्माण थालेका सामाजिक सङ्घ संस्थाले बर्दिबास-३ को राईमण्डल धार्मिकक्षेत्रको शिरअवस्थित चुरे शृङ्खलाको थुम्कोमा गिद्धको बासस्थान फेला परेपछि त्यसको संरक्षणमा जोड दिएका हुन् । बर्दिबास उद्योग वाणिज्य सङ्घ, होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरी र बर्दिबास नगरपत्रकार सञ्जालले यही फागुनदेखि संरक्षण अभियान थालेका हुन् ।

तराईका फाँटमा गिद्ध बस्ने ठूलाठूला सिमलका रुख मासिएसँगै लोपोन्मुख यी पक्षी बर्दिबास-३ को राईमण्डल धार्मिकक्षेत्रको चुरे पर्वत श्रेणीको थुम्कोमा बथानमै देखा परेका हुन् । लोपोन्मुख गिद्धको बासस्थान देखिएपछि अब यिनको संरक्षणबारे सोच्न आवश्यक भएको बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्का बताउनुहुन्छ ।

"गिद्धको बासस्थान नजिकका गुफा र रुखको संरक्षणमा अब योजनाबद्ध पहलकदमी आवश्यक छ" खड्का भन्नुहुन्छ, "यसबारे वनसम्बद्ध र बर्दिबास नगर कार्यपालिकाको कार्यालयले चासो बढाउनुपर्छ ।" पहाडी थुम्कोमा अहिले लोपोन्मुख पक्षी गिद्ध १०० भन्दा बढी रहेका उहाँले राससलाई बताउनुभयो ।

पदमार्ग यात्राका सहभागीले पहिलो पटक गिद्ध बासस्थान देखे पनि राईमण्डल शिरका बासिन्दा यो गिद्धको पुरानो थातथलो रहँदै आएको बताउँछन् । दुई दशक पहिले यहाँ फुल पार्न र बच्चा कोरल्न बस्ने र अन्य समय आहाराको खोजीमा यहाँका गिद्ध बाहिर जाने गरेका राईमण्डलका ६० वर्षीय दिलबहादुर राना मगर बताउनुहुन्छ ।

पहिले निकै ठूलो बथान भए पनि चर्न जाँदा सिनोमा विषादीको असरले धेरै मरेपछि गिद्धको संख्या निकै खस्केको बताउनुहुन्छ । दुई दशकअघिसम्म महोत्तरीका भारतीय सीमावर्ती बस्तीसम्म बाक्लै देखिने गिद्ध अब देखिँदैनन् । मरेका पशुबस्तुको सिनो मुख्य आहारा र ठूलाठूला सिमलका रुख बासस्थान गिद्धको हुनेगर्थ्यो तर सिमलका रुख सबै मासिएपछि गिद्ध हराउँदै गएर अब देखिनै छाडेका जिल्लाका मध्य र दक्षिणीक्षेत्रका बासिन्दा बताउँछन् ।

मकैखेती गर्ने किसानले बोटमै घोगा खोसलेर दुःख दिने स्याल नियन्त्रणका लागि बगरमा फालिएको सिनोमा विषादी मिलाउँदा त्यसको असरले सयौँ गिद्ध मरेका १५ वर्षअघिको घटना भङ्गाहा-५ सीतापुर धतियाटोलका ७० वर्षीय योगेन्द्र यादव सम्झनुहुन्छ । "त्यसयता गिद्ध देखिएकै छैनन्, सिमल पनि मासिए" यादव भन्नुहुन्छ,"अहिले बर्दिबासको राईमण्डलतिर बथानमै गिद्ध देखिएका सुनिन्छ, अहिले बर्दिबासमा बथान भेटिएको सुन्दा हेर्न जाउँजाउँ लागेको छ ।"

गिद्ध र यिनका बासस्थान संरक्षणका लागि अब मुख्य रुपले स्थानीयतहले पहलकदमी लिनपर्ने बर्दिबास नगरपत्रकार सञ्जालका सचिव विशाल बस्नेत बताउनुहुन्छ । "पश्चिमतिर (नवलपरासी, दाङ) गिद्ध संरक्षणमा योजनाबद्ध काम थालिएको सुनिन्छ, त्यसको अवलोकन गरेर यहाँ पनि अनुकरण गर्नसके यी लोपोन्मुख पक्षीको संरक्षणमा बल पुग्नेछ" बस्नेत भन्नुहुन्छ, "स्थानीय तह, वनसम्बद्ध निकाय र स्थानीय सामाजिक सङ्घसंस्थाले संरक्षण कार्यारम्भ गरे लिए यो सम्भव छ ।" बथानमै गिद्ध देखिएपछि नवलपरासीमा सञ्चालनमा रहेको जटायु रेस्टुराँ र त्यहाँ हुने गिद्धको चहलपहल अवलोकन गर्ने रहर जागेको बस्नेत बताउनुहुन्छ ।

यसपालि फागुन लागेसँगै सुरु गरिएको चुरे पर्वत श्रेणीको पदमार्ग यात्राका क्रममा पर्यटन प्रवर्द्धनका धेरै सम्भावना देखिएमध्ये गिद्धको बासस्थान मुख्य भएको होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका अध्यक्ष गुञ्जबहादुर कार्कीको भनाइ छ । "पदयात्राका क्रममा हामीले यहाँको पर्यटन प्रवर्द्धनका कैयौँ सम्भावना देख्यौँ, जसमा राईमण्डल धार्मिकक्षेत्र, सिद्धगुफा, परेवापाखा, दुर्लभ जडीबुटीका लामो फाँट, पहाडी रहनसहन र स्थानीय लोकपरम्परा छन्" कार्की भन्नुहुन्छ, "यससँगै बथानमै भेटिएका गिद्ध पक्षी, मयूर र अन्य वन्यजन्तुको संरक्षणका विषय छन्, ठाउँ छन्, हामीले तत्परता देखाउन सक्नुपर्‍यो ।"

अहिलेसम्म तीन साताको पदमार्ग यात्रामा बर्दिबास-१ र ३ मात्र सकिएको छ । महोत्तरीमा पर्ने चुरे सबै बर्दिबास नगरक्षेत्रमै पर्छ । पूर्व-पश्चिम राजमार्गमा जिल्लाको दुरी १८ किलोमिटर मात्र भए पनि पहाडी खोचमा यो दूरी झण्डै ४० किलोमिटर परको छ । पाहाडी गोरेटो बाटो छिचोल्दै स्थानीय जनजीवन बुझ्ँदै पर्यटकीय सम्भावनाबारे अध्ययन, छलफल गर्दै हिँडिदा आफूहरुको यात्रा पूरा हुन दुई महिना लाग्ने पदमार्ग यात्रीको आकलन छ ।

पदमार्ग यात्रामा सहभागी तीनवटै संस्थाले यो टुङ्गिएपछि स्थानको परिचय, महत्व र सम्भावनाबारे प्रतिवेदन बर्दिबास नगर कार्यपालिकाको कार्यालय, मधेश प्रदेश मन्त्रिपरिषद् सचिवालय र प्रधानमन्त्री कार्यालयसँगै पर्यटनसम्बद्ध निकायमा बुझाइने जनाएका छन् ।रासस

# 'आफ्नै अधिकारबारे सचेत छैनन् उपभोक्ता'



टुडे समाचारदाता

काठमाण्डु । हरेक नागरिकलाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार विद्यमान कानूनले प्रत्याभूत गरिदिएको भएपनि उपभोक्ता आफै आफ्ना अधिकारबारे सचेत नरहेका पाइएको छ ।

नेपालको संविधान, २०७२ र उपभोक्ता संरक्षण ऐन २०७५ ले हरेक नेपाली नागरिकका उपभोक्ताको हकलाई प्रत्याभूत गरेको छ । तर नागरिकले उक्त अधिकारको कार्यान्वयनको अनुभूति गर्न नसकेको धारणा बजार नियामक, उपभोक्ता अधिकारकर्मी तथा सञ्चारकर्मीहरुबाट व्यक्त भएको हो ।

आगामी चैत २ गते पर्ने विश्व उपभोक्ता दिवसलाई लक्षित गरी वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले मंगलबार आयोजना गरेको उपभोक्ता अधिकारकर्मी र सञ्चारकर्मीसँगको अन्तरक्रियाका वक्ताहरुले उपभोक्ता अधिकारबारे आफै सचेत हुनुपर्नेमा जोड दिएका छन् ।

वस्तु तथा सेवाको मूल्यसूची नराख्ने, अद्यावधिक नगर्ने, उपभोक्ताले प्रष्ट देखिने र बुझ्ने गरी नराख्ने, बिक्री बिजक नदिने, कारोबार रकमभन्दा कमको बिजक दिने, म्याद गुज्रेका वस्तुको व्यवस्था नगर्नेलगायत समस्या बजारमा छन् । त्यस्तै, खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राख्ने, कतिपय वस्तुमा उल्लेख गरेभन्दा बढी रकम लिइ बिक्री गर्ने, मूल्यसूची केरमेट गर्ने, सस्तोमा खरिद गरी जम्माखोरी गर्ने र केही समयपछि महङ्गोमा बिक्री गर्नेलगायतक खराब काम केही व्यापारीबाट हुने गरेको छ । यी समस्याको निराकरणका लागि कानुनी प्रबन्ध गरिएको भएपनि नियामकबाट त्यसको कार्यान्वयनमा देखिएको सुस्तता र उपभोक्ता आफै सचेत नहुँदा समस्या हुने गरेको छ ।

वस्तु तथा सेवाको उपयोग गर्दा उपभोक्ता आफै यी विषयमा सचेत हुनुपर्ने वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक तीर्थराज चिलुवाल बताउछन् । स्वच्छ र प्रतिस्पधात्मक बजार कसरी बनाउने भनेर विभिन्न निकाय तथा सरोकारवालाबीच समन्वय हुनुपर्ने आवश्यकता पनि उनले औंल्याए ।

यसपटकको उपभोक्ता दिवसमा सचेतनाका कार्यक्रमलाई बढी प्राथमिकतामा राखिएको महानिर्देशक चिलुवालले जानकारी दिए । "उपभोक्ता अधिकार र सचेतनाका विषयमा सरोकारवालासँग अन्तरक्रिया गर्ने, विद्यालयलक्षित उपभोक्ता शिक्षा कार्यक्रम चलाउनेलगायतका कार्यक्रम रहेका छन् । आयातकर्ता, ढुवानीकर्ता र व्यापार व्यवसायीसँग पनि विभागले अन्तरक्रिया गर्नेछ", महानिर्देशक चिलवालले भने । उपभोक्ता हकहितका लागि गर्नुपर्ने आगामी कार्यदिशाबारे विभागले काम गरिरहेको पनि उनले बताए । विभागले वस्तु तथा सेवाको स्रोत तहमा नै अनुगमन गरिरहेको उनले बताए ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव गजेन्द्रकुमार ठाकुरलेल उपभोक्ताको अधिकारबारे सबैलाई सचेत गराउने र यसको प्रवर्द्धन गर्ने जिम्मेवारी नियामक निकाय, निजी क्षेत्र, उपभोक्ता अधिकारकर्मी, सञ्चारकर्मीलगायत सबैको रहेको बताए । "विभाग र मन्त्रालयको एक्लो प्रयासले मात्र सम्भव हुँदैन । अन्तर मन्त्रालय, अन्तर विभाग तथा विभिन्न निकाय र संघसंस्थाबीचको सहकार्यमा उपभोक्ता अधिकारबारे सचेतना फैलाउन आवश्यक छ", ठाकुरले भने । बजार निगरानी गर्न चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उनले उद्योग मन्त्रालयले उपभोक्ता अदालत स्थापनाका लागि काम गरिरहेको समेत जानकारी दिए ।

उपभोक्ता हित संरक्षण मञ्च-नेपालका अध्यक्ष ज्योति बानियाँले व्यापारीबाट उपभोक्ता ठगिएमा क्षतिपूर्ति पाउने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्न आवश्यक रहेको बताए । ठगिमा पर्दा वा गैरकानुनी रुपमा वस्तु तथा सेवा बिक्री भएको जानकारी पाउँदा उपभोक्ता आफैले पनि त्यसको क्षतिपूर्तिका लागि पहल गर्नुपर्ने बानियाँ बताउछन् । प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को प्रभावकारी कार्यान्वयन हुन नसकेको पनि उनले उल्लेख गरे । त्यस्तै, नियामकीय भूमिका कमजोर भएको अहिलेको अवस्थामा उपभोक्ता अदालत स्थापनाका लागि विलम्ब गर्न नहुनेमा उनले जोड दिए ।

त्यसैगरी, उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले सबै स्थानीय तह र प्रदेश सरकारले नियमित रुपमा बजार अनुगमन गर्नुपर्ने बताए । बजारमा माग र आपूर्तिको यकिन र वैज्ञानिक तथ्याङ्क उपलब्ध नहुँदा समस्या हुने गरेको पनि बताए । हालको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट उपभोक्ता हित संरक्षण हेर्ने छुट्टै निकाय स्थापना गर्न आवश्यक रहेको पनि उनले बताए ।

कन्जुमर आई नेपालका महासचिव रञ्जन खनालले उपभोक्ताको हित संरक्षणका लागि स्थापना भएको विभागबाट नै उपभोक्ताले न्याय पाउँछन् भन्नेमा विश्वस्त हुनसक्ने आधार नरहेको गुनासो गरे । उपभोक्ताको अधिकारप्रति उत्तरदायी हुनुपर्ने वाणिज्य विभाग व्यापारीप्रति उत्तरदायी हुने गरेको आरोप पनि उनले लगाए ।

विश्व उपभोक्ता अधिकार दिवसका सन्दर्भमा मंगलबारदेखि चारदिनसम्म चेतनामूलक विविध कार्यक्रम आयोजनाने विभागले जनाएको छ । यसवर्षको उपभोक्ता दिवसको नारा 'स्वच्छ र प्रतिस्पर्धी बजार, उपभोक्ताको सार्वभौम अधिकार' छ

# विभेदलाई जित्न हिँड्नु भएका दाहाललाई राष्ट्रियसभा अध्यक्षको जिम्मेवारी


काठमाण्डु । परिपक्व राजनीतिज्ञ नारायणप्रसाद दाहाल राष्ट्रियसभाको अध्यक्षमा निर्वाचित हुनुभएको छ । लामो राजनीतिक जीवन व्यतित गर्नुभएका दाहाल साझा जीवन, उच्च विचारले प्रेरित व्यक्तित्व हुनुहुन्छ ।

कास्कीको ढिकुरपोखरीमा बुबा कुलप्रसाद दाहाल र आमा देउरुपा दाहालका जेठो सन्तानका रुपमा दाहालको जन्म विसं २०१२ साल चैत १६ गते भएको हो । माओवादीभित्र उहाँलाई 'सरल' नामले चिनिन्छ ।

माओवादी जनयुद्धलाई सफल बनाउन सक्रिय र ठूलो योगदान पुर्‍याउने योद्धा हुनुहुन्छ दाहाल । बाल्यकालदेखि नै कम्युनिष्ट पार्टीप्रतिको आस्था राख्नुभएका दाहाल विद्यार्थी जीवनमै पार्टीको सक्रिय सदस्यका रुपमा क्रियाशील हुनुभएको थियो । पार्टीका कामका लागि प्रवासमा अनेकौँ पीडा, कष्ट र हण्डर सहँदै नेपाली जनयुद्धलाई राजनीतिक, वैचारिक, साङ्गठनिक काममा सक्रिय हुँदै आर्थिक र भौतिक साधन स्रोत जुटाएर सफल बनाउन दाहालले अतुलनीय योगदान पुर्‍याउनुभएको थियो ।

विसं २०१९ उहाँ सात वर्षको हुँदा नै परिवार चितवन बसाइँसराइ गरेको थियो । उहाँले शिवनगरको नारायणी माध्यमिक विद्यालयबाट विद्यालय शिक्षा पूरा गर्नुभएका दाहाल विद्यार्थी जीवनमै राजनीतिमा सक्रिय हुनुभएको थियो । उहाँ बाल्यकालमै कम्युनिष्ट पार्टीप्रति आस्थावान् बन्नुभएको थियो । कम्युनिष्ट पार्टी सत्तामा आएपछि सबै नागरिक बराबर हुन्छन् र कसैप्रति विभेद हुँदैन भन्ने चेतनाले आफूलाई कम्युनिष्ट पार्टीप्रति आकर्षित गरेको उहाँले सार्वजनिक रुपमा बताउनुभएको थियो ।

कम्युनिष्ट पार्टीप्रतिको आकर्षण बढिरहेको अवस्थामा बजारका पुस्तक पसलमा समेत कतिपय चिनियाँ कम्युनिष्ट पार्टीका प्रकाशनहरु निःशुल्क र कतिपय पुस्तकहरु सस्तो मूल्यमै पाइन्थ्यो । विद्यार्थीकालमा नै दाहाललाई धेरै चिनियाँ कम्युनिष्ट पार्टीका 'चीन सचित्र', 'रेडबुक' जस्ता पुस्तकले थप प्रेरित गरेको थियो । विसं २०२७ जेठ १ मा विद्यार्थी दिवसका अवसरमा अनेरास्ववियूद्वारा आयोजित कार्यक्रममा नेपाल कम्युनिट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँगै दुई घन्टा हिँडेर जुलुस र कार्यक्रममा सहभागी हुनुभएका दाहाल दाजुभाइ दुवैले सोही दिन सँगै अनेरास्ववियूको सदस्यता लिनुभएको थियो ।



माध्यमिक विद्यालय पढ्दै अनेरास्ववियूमा आबद्ध दाहालले २०३१ सालमा वीरेन्द्र क्याम्पस भरतपुरमा अध्ययन गर्न थालेपछि नेपाल कम्युनिष्ट पार्टी पुष्पलाल समूहको पार्टी सदस्यता लिनुभयो । तीन सदस्यीय स्थानीय पार्टी युनिट गठन गरी दाहाल पार्टी गतिविधिमा सक्रिय बन्नुभयो ।

विसं २०३६ मा स्नातक तह उत्तीर्ण गरेपछि एरिया पार्टी कमिटीको कोषाध्यक्ष चयन हुनुभयो । सो कमिटीमा एक वर्ष काम गर्नुभएका दाहाललाई मोहनविक्रम सिंहको सल्लाहअनुसार नै पूर्णकालीन सदस्य भई भारत प्रवासको जिम्मेवारीमा काम गर्न पुग्नुभएको थियो । अखिल भारत नेपाली एकता समाजको केन्द्रीय सह-सचिव, कोषाध्यक्ष र सचिव हुँदै २०३८ सालदेखि समाजको केन्द्रीय सचिव हुँदै दोस्रो सम्मेलनपछि महासचिव र अध्यक्षको जिम्मेवारी बहन गर्दै दाहाल पार्टी सङ्गठन विस्तारमा समर्पित रहनुभयो । सङ्गठनको मुखपत्र नेपाली एकता प्रकाशन गरी भारतमा रहने नेपालीबीच राजनीतिक कार्य अगाडि बढाउन मुख्य भूमिका खेल्नुभयो ।

विसं २०३७ देखि पार्टीको पूर्णकालीन सदस्य बन्नुभएका दाहालले निरन्तर १८ वर्ष अखिल भारत एकता समाज र पार्टीको विभिन्न जिम्मेवारीमा रहेर काम गर्नुभयो । नवनिर्वाचित अध्यक्ष दाहालले २०५७ सालदेखि पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारी सम्हाल्नुभएको थियो ।

विसं २०४६ देखि नेपाल फर्किएर पार्टी आन्दोलनमा योगदान गर्ने उद्देश्यले नेपाल फर्कनुभएका दाहाल प्रवासको पार्टी गतिविधिमा कमी आएपछि पार्टी केन्द्रको निर्देशनमा पुनः भारत जानुभयो।सशस्त्र सङ्घर्ष उत्कर्षमा चल्दै गरेको बेला २०६० मा पार्टी निर्देशनमै नेपाल आउनुभएका दाहालले भेरी-कर्णाली क्षेत्रका विभिन्न तीन जिल्लाको पार्टीको जिम्मेवारी पूरा गर्नुभएको थियो । उहाँले कास्कीको समेत जिल्ला इञ्चार्जको भूमिका निर्वाह गर्नुभएको थियो । यस्तै, काठमाडौँ उपत्यकाभित्रका तीन जिल्ला इञ्चार्ज र उपत्यका आसपासका विभिन्न जिल्लाको समेत जिल्ला इञ्चार्जको भूमिकाा निर्वाह गर्नुभएका दाहाल जनतासँग जोडिएका नेताका रुपमा स्थापित हुनुहुन्छ ।

तत्कालीन नेकपा माओवादीको मुख्य राजनीतिक 'एजेन्डा' मानिएको संविधानसभामार्फत नयाँ संविधान बनाउने उद्देश्य पूरा गर्न गठन गरिएको व्यवस्थापिका-संसद् २०६३माउहाँसदस्यका रुपमा भूमिका निर्वाह गर्नुभयो । विसं २०६४ को संविधानसभा सदस्यको निर्वाचनमा चितवन क्षेत्र नम्बर ३ बाट संविधानसभा सदस्यमा निर्वाचित बन्नुभएका दाहालले नेपालको ऐतिहासिक संविधानसभामार्फत समाजवाद उन्मुख संविधान निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउनुभयो । अध्यक्ष प्रचण्डको दोस्रो प्रधानमन्त्रीकालमा दाहालले प्रधानमन्त्री कार्यालयमा प्रमुख प्रशासनिक सल्लाहकारको भूमिकासमेत कुशलतापूर्वक निर्वाह गर्नुभयो ।

परिवारका सबै सदस्य पूर्णकालीन रुपमा विभिन्न सङ्गठनमा क्रियाशील गराउनुभएका दाहालले जनताको जीवनस्तरमा परिवर्तन ल्याउने विषय नै प्रमुख विषय भएको बताउनुहुन्छ । विशेषगरी पदलाई भन्दा जिम्मेवारीलाई महत्वपूर्ण ठान्ने दाहाल पार्टीले दिएको जस्तोसुकै जिम्मेवारी पनि इमान्दारीपूर्वक निर्वाह गर्नुभएको उहाँका सहकर्मीहरु बताउँछन् । उहाँले एउटा प्रसङ्गमा भन्नुभएको थियो, "म निष्पक्ष ढङ्गले पार्टीले खटाएको काम गर्छु, निष्ठाको राजनीतिमा विश्वास गर्छु, पार्टी 'कमान्ड'को निर्देशन पालना गर्छु, मेरो इतिहासमा बेइमान भन्ने चाहिँ हुँदैन ।"

विधिमा पार्टी चल्ने कुरालाई आदर्श मान्ने दाहाल कम्युनिष्ट आचरणलाई प्रेरित गर्ने कुरामा विश्वास गर्नुहुन्छ । पार्टीलाई जनमुखी बनाउनुपर्ने धारणा राख्नुहुने दाहाल जनतालाई उचित लागेको कुरामा निरन्तर लाग्नुपर्ने बताउनुहुन्छ ।

वामपन्थी आन्दोलनमा नयाँ विचारको विकाससहित वैज्ञानिक समाजवादमा पुग्न सकिने उहाँको कथन छ । प्रधानमन्त्री प्रचण्ड र दाहालका हजुरबुबा भने सहोदर दाजुभाइ हुनुहुन्थ्यो । प्रचण्डका बुबा र नारायणका बुबा कास्कीको ढिकुपोखरीबाट एकै दिन २०१९ सालमा पाँच कट्ठा जमिन किनेर चितवन बसाइँ सर्नुभएको थियो । हाल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को स्थायी समिति सदस्यसमेत रहनुभएका दाहाल २०७८ साल चैत २५ गते राष्ट्रपतिबाट मनोनित भई राष्ट्रियसभा सदस्य बन्नुभएको थियो ।

भारतका विभिन्न सहरमा नेपालीले गरेको दुःखदेखि गरिबी र पछौटेपनले पछाडि पारेको कर्णालीका विभिन्न बस्तीको राम्रो जानकारी राख्नुहुने दाहाल राष्ट्रियसभा अध्यक्षको जिम्मेवारी सम्हाल्ने ठाउँमा पुग्नुभएको छ । यो भूमिकालाई उहाँले इमान्दारीपूर्वक निर्वाह गर्ने सोमबार उम्मेदवारी दर्ताकै क्रममा बताइसक्नुभएको छ ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



भारदह-कुनोलीसम्म जोडिने सडक खण्ड अन्तर्गत सप्तरीको जोगिनियाँमा कालोपत्र गरेको सडक। तस्विर : रासस

# एकीकृत समाजवादीले दस्तावेज लेखन परिमार्जन गर्दै

टुडे समाचारदाता

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले दस्तावेजका मस्यौदामाथि छलफल गर्न आगामी चैत १ गते दस्तावेज लेखन मस्यौदा समितिको बैठक आह्वान गरेको छ । आगामी जेठमा हुने दशौँ राष्ट्रिय महाधिवेशनका लागि दस्तावेज लेखनमा समावेश गरिएका विषयवस्तु तथा नपुग भएका केही वस्तु थप्न बैठक बोलाइएको हो ।

पछिल्लो सत्ता समीकरणपछि विकसित राजनीतिक घटनाक्रमलाई पनि दृष्टिगत गर्दै दस्तावेज लेखनलाई केही परिमार्जन गरिने पार्टीले जनाएको छ । वामपन्थी शक्तिबीचको कार्यगत एकतालाई पनि प्राथमिकतामा राखिने जनाइएको छ । बैठकमा समाजवादी कार्यदिशा, राष्ट्रिय तथा अन्तर ऱाष्ट्रिय राजनीतिक प्रभावको वस्तुगत विश्लेषण गरिने छ ।




पार्टीको वैचारिक, साङ्गठनिक, समाजवादी कार्यक्रम, विधान, भावी कार्ययोजना तथा रणनीतिलगायत विषयलाई उल्लेख गर्नेगरी यही फागुन मसान्तभित्र लेखनको कार्य सम्पन्न गरिने सचिव जीवनराम श्रेष्ठले जानकारी दिए । पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई प्रतिवेदन लेखनको जिम्मेवारी दिइएको छ भने सम्मानित नेता झलनाथ खनाललाई समाजवादी कार्यक्रम, उपाध्यक्ष डा बेदुराम भुसाललाई पार्टी विधान र महासचिव घनश्याम भुसाललाई सङ्गठनात्मक प्रस्ताव संयोजनका लागि कार्य तोकिएको छ ।

सबै पक्षलाई समेटेर प्रतिवेदन तयार भएपछि त्यसलाई एकीकृत गरेर महाधिवेशनमा एउटै दस्तावेज लैजाने जनाइएको छ । महाधिवेशन केन्द्रित अभियान देशभर सञ्चालन गरेको पार्टीले सङ्गठन सुदृढीकरण तथा विस्तारकार्य जारी राखेको छ ।

# मङ्गलनाथ महोत्तरीका अर्का 'जलाधिनाथ' पुरातात्विक अन्वेषणको प्रतीक्षामा

टुडे समाचारदाता

महोत्तरी । आमरुपमा 'जलाधिनाथ' भनिँदा महोत्तरीको जलेश्वर-१ स्थित जलेश्वरनाथ महादेव भन्ने बुझिन्छ । तर महोत्तरीकै सुदुर पश्चिम दक्षिणी भेगको सोनमा-६ मगरथानास्थित मङ्गलनाथ महादेवको शिवलिङ्ग पनि जलमै विराजमान छ । पर्याप्त खोज र चासो नबढ्दा यो प्राचीन शिवलिङ्ग र ठाउँ उपेक्षित बनेको मगरथानाबासी बताउँछन् ।

जलेश्वरनाथ शिवलिङ्ग भगवान शङ्करले आफैं स्थापना गर्नुभएको शिवपुराण र मिथिला महात्म्यमा वर्णित छ । यसैगरी मङ्गलनाथ पनि प्राचीनकालमै स्थापित शिवलिङ्ग मानिन्छ । मङ्गलनाथ शिवलिङ्ग एक तपस्वी योगीले पाँचसय वर्षअघि पत्ता लगाएदेखि पूजाआराधना गरिदै आइएको मगरथानाका बासिन्दा सामाजिक अगुवा धर्वेन्द्रकुमार यादव बताउछन् । "मङ्गलनाथ शिवलिङ्गबारे खोज, अन्वेषण भएको छैन, एकै प्रकृतिका भएका हुँदा जलेश्वरनाथ र मङ्गलनाथ सँगसँगै स्थापित शिवलिङ्ग हुनुपर्छ" यादव भन्छन्, "कुनै खास कालखण्डमा एकै प्रकारका वास्तुकला प्रचलनमा आएका पुराना आधारले दुवै शिवलिङ्ग एकै समयमा स्थापित भएका हुनसक्ने अनुमान गर्नसकिन्छ ।"

जमिनको सतहबाट करिब २० फिट गहिराइमा पानीले ढाकिएर रहेको मङ्गलनाथ शिवलिङ्गको आराधनाले समस्त कष्ट निवारण भई सुखसन्तोस प्राप्त हुने जनविश्वास छ । जिल्ला सदरमुकाम जलेश्वरबाट करिब ३५ किलोमिटर पश्चिम भारतीय सीमावर्ती मगरथाना गाउँमा मङ्गलनाथ शिवलिङ्ग अवस्थित छ ।

मङ्गलनाथ महादेव कष्टनिवारक इष्टदेवका रुपमा पूजित भएका मगरथानाबासीको भनाइ छ । "प्रत्येक दुःखमा यहाँका बासिन्दाले पुकार्ने नै 'हे मङ्गलनाथ कृपा गर' भनेर हो" सो बस्तीकै अशेश्वरप्रसाद यादव भन्छन्, "जलमा विराजमान हुँदा मङ्गलनाथलाथलाई 'जलाधिनाथ' भनिन्छ ।"

जिल्ला सदरमुकाम जलेश्वर आवागमन ,सडक विस्तार र जनकपुरधामसँगको निकटताले जलेश्वरनाथ शिवलिङ्गबारे चासो बढ्नसक्यो, तर हाम्रो ठाउँ सडक सञ्जालमा अझै राम्ररी जोडिन नसक्दा यो धार्मिकस्थलबारे वाह्य चासो नबढेको मगरथानाबासीको गुनासो छ ।

मङ्गलनाथ शिवलिङ्ग कहिल्यै नसुक्ने पानीमा ढाकिएका पाँच फिट मोटाइ र दुई फिट उचाइको दछ । मङ्गलनाथ शिवलिङ्ग परिसरमा केही लेखिएको जस्तो देखिने शीला छन् । यिनको पुरातात्विक अध्ययन हुनसके यसबारे थप तथ्य आउनसक्ने शिक्षण पेसाका धर्वेन्द्रकुमार यादव बताउनुहुन्छ । यसबारे स्थानीय, प्रदेश र सङ्घीय सरकारले चासो नदिएका मगरथानाबासीको गुनासो छ ।

जलाशयमा भेटिएपछि तपस्वीजनले पूजाआराधना गर्दै आएका शिवलिङ्ग परिसरमा पछि मन्दिर निर्माण भएको स्थानीय पाका व्यक्ति बताउँछन् । मन्दिर परिसरमै हाल गणेश र पार्वतीको मन्दिर स्थानीय भक्तले निर्माण गरेका छन् । मन्दिर पसिरमै विशाल पिपलको रुख र पुरानो इनार देखिन्छ । यसैगरी मन्दिरदेखि पूर्व शिवसागर तलाउ छ । यस तलाउमा स्नान गरी यहींकै जल महादेव मङ्गलनाथलाई चढाइए भक्ति सफल हुने मन्दिरका पुजारी राजदेव गिरी बताउछन् ।

यहाँ प्रत्येक वर्षको महाशिवरात्री र साउन महिनाका सोमबारका दिन धार्मिक मेला लाग्दै आएको छ । यो ठाउँको थप अध्ययन र पुरातात्विक अन्वेषणका लागि प्रदेश र सङ्घीय सरकारसँग अनुरोध गरिएको सोनमा गाउँपालिकाका अध्यक्ष विशेश्वर यादवले बताए ।

# नीतिगत सुधार आवश्यक रहेको महिलामन्त्री चौधरीको भनाई

टुडे समाचारदाता

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले बाल सुधार गृहलाई व्यवस्थित गर्न नीतिगत सुधार आवश्यक रहेको बताएकी छन् ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिको मंगलबारको बैठकमा मन्त्री चौधरीले बाल सुधार गृहको मौजुदा अवस्था अवलोकन गरी नीतिगत परिमार्जनलाई मन्त्रालयले पहिलो प्राथमिकतामा राखेको बताईन् ।

"मन्त्रालयले नीतिगत परिमार्जनलाई पहिलो प्राथमिकतामा राखेको छ । मन्त्रालयले बाल सुधार गृहको मौजुदा व्यवस्था अवलोकन गरी यस क्षेत्रका समस्या निराकरण गर्न नीतिगत सुधार गर्न पहल गर्छौं नीतिगतरुपमा स्पष्टता ल्याउँछौं", उनले भनिन्, "बाल सुधार गृहमा देखिएका समस्या संवेदनशील, गम्भीर छन् । स्थानीय तहसँगको समन्वयनमा यस क्षेत्रका शिक्षा, खानेपानी, स्वास्थ्यलगायतका समस्या समाधानलाई प्रभावकारिता बनाउनेतर्फ मन्त्रालय सजग छ ।"

बाल सुधार गृहको व्यवस्थापन र सुधारसँग सम्बन्धित विषयमा विभिन्न मन्त्रालयले गरिरहेका काम कारबाहीका सन्दर्भमा समितिले महिला, कानुन, न्याय तथा संसदीय र शिक्षा, विज्ञान तथा प्रविधिलगायतका मन्त्रालयलाई आमन्त्रण गरेको थियो । समिति सभापति किरणकुमार साहले बाल सुधार गृहमा भएका तोडफोड, झडपका घटनाप्रति समितिले चासो देखाउँदै अवलोकन गरेको बताईन् ।

अवलोकनका क्रममा सुधार गृहले न्यूनतम मापदण्ड पूरा नगरी सञ्चालन गरिरहेकाले बालबालिकाका संवेदनशील विषयमा सम्बन्धित पक्ष समस्या समाधानतर्फ उन्मुख हुनुपर्नेमा जोड दिईन् ।

समितिका सदस्य शोभा ज्ञवालीले बाल सुधार गृह विषयमा समितिले गरेका निर्णय, निर्देशनको कार्यान्वयन फितलो रहेको बताउँदै बाल सुधार गृहका बालबालिकाको उमेर समूह छुट्याएर राख्नुपर्नेमा जोड दिईन् । सांसद सिताकुमारी रानाले बाल सुधार गृहमा रहेको बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्था नाजुक रहेकाले मन्त्रालय तत्काल समाधान गर्न पहल गर्नुपर्ने बताईन् ।

बैठकमा मन्त्रालयले निर्देशिका तयार पारी स्थानीय तहसँग समन्वयन गर्नसकेमा बाल सुधार गृहका समस्या न्यूनीकरण गर्न सकिने, स्वच्छ खानेपानी तथा पोषणलाई प्राथमिकतामा राख्नुपर्ने, उमेर समूह छुट्याई बालबालिकाको संरक्षण गर्नुपर्ने, स्वच्छ खानेपानी, पठनपाठनको व्यवस्था, जिम्मेवार पक्षलाई उत्तरदायी बनाउनुपर्नेलगायतका विषय उठान गरेकी थिईन् ।

बैठकमा महिला मन्त्रालयका प्रवक्ता तथा सहसचिव इन्दु घिमिरेले बाल सुधार गृहका समस्या समाधान गर्न मन्त्रालय योजनाबद्ध ढङ्गले अगाडि बढेको बताईन् ।

"बाल सुधार गृह सुधारोन्मुख अवस्थामा रहेको छ । यसलाई अझ प्रभावकारी बनाउन मन्त्रालय प्रतिबद्ध छ", उनले भने ।

# पर्व बिदा विवादरहित बनाइने

टुडे समाचारदाता

काठमाण्डु । सरकारले हरेक वर्ष फागुन-चैत महिनामा सार्वजनिक बिदा घोषणा गरी सोहीअनुसारको वार्षिक क्यालेन्डर प्रकाशन गरेर बिदा व्यवस्थापन गर्दै आएको छ ।

यही फागुन २८ गते सोमबारका दिन ग्याल्पो ल्होसारका दिन सार्वजनिक बिदा दिएको सन्दर्भमा जिज्ञासामा गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले आगामी वर्षको क्यालेन्डर सार्वजनिक हुनुअघि विवादरहित ढङ्गबाट समस्या सम्बोधन गर्ने पक्षमा सरकार रहेको र त्यसका लागि सहयोग गर्न सम्बद्ध सबैसँग अनुरोध गरे ।

बहुजातीय एवं बहुधार्मिक देश नेपालमा सबैको धर्म, संस्कृति र भावनालाई समेटेर अघि बढ्नुपर्ने दायित्व सरकारको रहेको उल्लेख गर्दै प्रवक्ता भट्टराईले भने, "एक वर्षअघि प्रकाशित क्यालेन्डर हामी सबैको घरघरमा झुन्डिएकै छ, कुनै




धार्मिक पर्व विशेषको बिदाका दिन गल्ती भएको जानकारी प्राप्त भएको भए तत्क्षणमै सच्याउन सकिन्थ्यो, आगामी वर्षको बिदाको हकमा सम्बन्धित समुदायसँग छलफल गरेर मात्र क्यालेन्डर प्रकाशित गरिने छ ।"

करिब एक महिनाअघि ताप्लेजुङका प्रमुख जिल्ला अधिकारीसँग सम्बन्धित समुदायका प्रतिनिधिले यस विषयमा कुरा राख्दै पञ्चाङ्ग निर्णायक समितिमा सबै धर्म समुदायको प्रतिनिधित्व हुनुपर्ने भनी माग राख्नुभएको भन्ने जानकारी प्राप्त हुनासाथ केन्द्रमा गृह सचिवबाट सोधखोज हुँदा स्पष्ट एवं ठोस जवाफ नआएपछि क्यालेन्डरअनुसार बिदा दिएको उनले स्पष्ट पारे ।

प्रवक्ता भट्टराईले यस वर्षको अनुभवबाट पाठ सिक्दै सम्बन्धित धार्मिक समुदायका प्रतिनिधिसँग समेत छलफल गरी आगामी वर्षको पर्व बिदा निर्धारण गरिने जानकारी दिए ।

# भोट माग्दा गरेको वाचा पूरा गर्न सकेको छैन : सांसद बिना देवी

काठमाण्डु । राज्य सञ्चालनको मुख्य औजारका रूपमा रहेका कानुनहरू बनाउने सर्वोच्च ठाउँ संसद्मा पुग्न पाउँदा खुसी लागेको छ । आफूलाई सांसद बनाउने नेपाल कम्युनिष्ट पार्टी (एमाले) र आफूले प्रतिनिधित्व गरेको ठाउँ रौतहटमा केही राम्रो काम गरेर देखाउने तीव्र इच्छा छ । तर सांसद भएको डेढ वर्ष बितिसक्यो, कानुन बनाउनेतर्फ खासै काम गर्न सकिएको छैन । बनाउनुपर्ने कानुन धेरै छन् । संविधान अनुकूलका कानुन पनि बनाउन धेरै बाँकी छ । कानुनको अभावमा धेरै काम प्रभावकारी तरिकाले हुनसकेका छैनन् ।

संसद्मा विधेयक सरकारले ल्याउने हो । सरकारले कानुन बनाउने कुरामा बढी ध्यान दिनुपर्ने हो । विगतमा एमाले प्रतिपक्षमा रहेका कारण पनि धेरै कानुन बनाउने कुरामा निर्णायक भूमिका थिएन । अब पार्टी सरकारमा गएको छ । अब संविधानअनुकूलका बनाउनुपर्ने कानुन छिट्टै बन्छन् भन्ने मलाई विश्वास छ । तराईमा अहिले पनि दाइजोका कारण महिलाको हत्या भइरहेको छ, प्रताडित भइरहेका छन् । विभिन्न कुसंस्कार र कुरीति छन् । त्यो पनि कानुनले नै नियन्त्रण गर्नुपर्छ । मिटरब्याज पीडितका समस्या छन् । उखु किसानले उखुको भुक्तानी नपाएर दुःख पाइरहेका छन् । सिँचाइको अभावमा किसानले राम्रोसँग खेतीबाली लगाउन सकेका छैनन् । यस्ता अनेक समस्याबाट रौतहटसहित तराईका जिल्लाहरू ग्रसित छन् ।

विगतमा तराई-मधेसमा महिलालाई राजनीतिमा सहभागी र सक्रिय हुन निकै कठिन थियो । अहिले केही सहज भएको छ । केही प्रगति मधेसमा महिलाको पनि भएको छ । बुझेको मान्छेलाई बुझाउन निकै गाह्रो रहेछ । बरु केही नबुझेको मान्छेलाई बुझाउन सकिन्छ । मधेसमा महिलालाई सशक्तीकरण गर्नैपर्ने जरुरी छ । केही ठाउँमा, केही समुदायमा धार्मिक, सांस्कृतिक रुढीवादी परम्परा पनि हाबी छ । यद्यपि छोरीलाई पढाउन, बुहारीलाई काममा पठाउनेतर्फ केही सुधार आएको छ । तर सोचेअनुरुप सुधार आउन सकेको छैन ।

राजर्षि जनक विश्वविद्यालय
विश्वविद्यालय क्याम्पस
रामानन्द चौक, जनकपुरधाम

**कोर्ष कन्ट्र्याक्ट (Course Contract) शिक्षक पदको विज्ञापन सम्बन्धी सूचना**

राजर्षि जनक विश्वविद्यालय अन्तर्गत संचालित शैक्षिक कार्यक्रमहरुको निम्नलिखित विषयका शिक्षक पेपर कन्ट्र्याक्ट (Paper Contract) पदमा आवश्यक भएकाले योग्य नेपाली नागरिकहरुबाट मिति २०८०/११/२९ गते देखि मिति २०८०/१२/०५ गते दिनको ५ बजेसम्म रा.ज.वि. विश्वविद्यालय क्याम्पस जनकपुरधाममा आवेदन बुझाउन जानकारी गराईन्छ ।

| क्र.सं. | संकाय | तह | अध्ययापन गर्ने विषयहरु | सिट संख्या |
|---|---|---|---|---|
| ०१ | मावनविकि तथा कानून शास्त्र | BALLB | Low of crime/Penalogy | केही |
| ०२ | स्वास्थ्य विज्ञान | BSc. MLT | Clinical Biochemistry | केही |

**(क) पद** - कोर्ष कन्ट्रायाक्ट शिक्षक,
**(ख) तलब** - रा.ज.वि. को प्रचलित नियम बमोजिम ।

**आवश्यक न्यूनतम योग्यता** :
सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर उर्त्तीण गरेको ।

**छनौट प्रक्रिया**
अर्न्तवार्ता/कक्षा प्रस्तुतिकरण

**अर्न्तवार्ता हुने मिति र स्थान** : मिति २०८०/१२/०६ गते मंगलवार दिनको २:०० बजेदेखि विश्वविद्यालय क्याम्पसमा ।

**नोट** : उल्लिखित विज्ञापनमा भूलबस कुनै त्रुटि हुन गएमा सो सच्चयाउने अधिकार रा.ज.वि. विश्वविद्यालय क्याम्पसमा सुरक्षित हुनेछ । विस्तृत जानकारीको लागि विश्वविद्यालय क्याम्पस प्रशासन शाखामा सम्पर्क गर्न सक्नु हुनेछ ।

**सम्पर्क नं.** ९८५१२७४०३७, ९८१४८११०४९

**क्याम्पस प्रमुख**

# आवश्यक कानुन निर्माणमा ढिलाइ नहुने कानून मन्त्री गिरीको भनाई

टुडे समाचारदाता

काठमाण्डु । कानून, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरीले तीनै तहका सरकारलाई आवश्यक पर्ने कानुन निर्माण गर्न सङ्घीय सरकारले ढिला नगर्ने बताएका छन् ।

मंगलबार गृह जिल्ला पर्वतमा नेपाल पत्रकार महासङ्घ पर्वत शाखाले आयोजना गरेको पत्रकार भेटघाटमा मन्त्री गिरीले आवश्यक कानुन निर्माणमा मन्त्रालय जुटेको बताए ।


"अहिले पनि कतिपय महत्वपूर्ण ऐन, कानून र नीतिको अभावमा सङ्घीय, प्रदेश र स्थानीय



सरकारले काम गर्न नपाइरहेको गुनासो छ । सो समस्या समाधानका लागि छिटोभन्दा छिटो आवश्यक ऐन निर्माणका लागि गृहकार्य भइरहेको छ", उनले भने । मन्त्री गिरीले कतिपय नीति तथा कानून अहिलेको परिस्थिति प्रतिकुल रहेको भन्दै मुलुक र आम नागरिकका लागि आवश्यक नीति तथा कानून निर्माण जरुरी रहेकोमा जोड दिए । उनले आवश्यक ऐन तथा कानून निर्माणको जिम्मेवारी र दायित्व आफ्नो काँधमा आएको भन्दै सबै मन्त्रालय र सरोकारवालासँगको समन्वयमा अघि बढ्ने समेत उल्लेख गरे ।मन्त्री गिरीले मुलुक चरम आर्थिक सङ्कटमा रहेका बेला यसको सुधारका लागि उचित कानून निर्माण अहिलेको आवश्यकता भएको बताए । "अहिलेका नीति लगानीमैत्री छैनन्", उनले भने, "लगानी र व्यावसायीमैत्री कानून बनाउन हामी लाग्छौं ।"

वर्तमान सरकार मुलुकमा सुशासन कायम गर्नका लागि गम्भीर रहेको भन्दै मन्त्री गिरीले मुलुक अप्ठ्यारो अवस्थामा रहेका बेला सरकार परिणाममुखि काम गर्नेगरी अघि बढेको बताए । उनले न्याय क्षेत्रमा रहेका विकृति बिसङ्गतीको पनि अन्त्य गरिने दाबी गरे ।

उनले वर्तमान सत्तागठबन्धन आगामी चार वर्ष नै टिक्ने जिकिर गरे । उनले सत्य निरुपण तथा मेलमिलाप, सङ्घीय निजामित ऐन र शिक्षा ऐन तत्काल सदनबाट पास गरेर देशलाई निकास दिने समेत उल्लेख गरे ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### मधेश र मुसलमानप्रति सदाशयता

नेपाल सरकारले तीनजना प्रदेश प्रमुखलाई बर्खास्त गरेको छ । बर्खास्त भएका प्रदेश प्रमुखहरुमा मधेश, सुदुरपश्चिम र गण्डकी प्रदेशका रहेका छन् । उनीहरु नेपाली कांग्रेस समर्थित थिए । पुराना गठबन्धन सरकारले नेपाली कांग्रेसको कोटामा मधेश प्रदेशमा हरिशंकर मिश्र, सुदुरपश्चि प्रदेशमा देवराज जोशी र गण्डकी प्रदेशमा पृथ्वीमान गुरुंग रहेका थिए । सरकारले उनीहरुलाई बर्खास्त गरेसँगै नेकपा एमालेको कोटाबाट मधेश प्रदेशमा सुमित्रा भण्डारी, सुदुरपश्चिम प्रदेशमा नजिर मियाँ र गण्डकी प्रदेशमा डिल्लीराज भट्ट छन् । पुरानो गठबन्धनमा रहेको कांग्रेसले पाएको भाग नयाँ गठबन्धनमा एमालेले पाएको छ। एमालेले २०८४ मा पूर्ण बहुमतको सरकार बनाउने लक्ष्यका साथ घोषित रुपमा काम गरिरहेको छ। ठोस कार्ययोजनाका साथ अगाडि बढेको एमालेले प्रमुख प्रतिद्वन्द्वी मानेको कांग्रेसलाई सत्ताबाट बेदखल गरिसकेको छ । कांग्रेसबाट अलग्याएर माओवादीका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सरकार बनाएको एमालेले मधेश र मुसलमानको विश्वास जित्ने प्रयास गरेको छ। मधेश विरोधी रहेको आरोप खेप्दै आएको एमालेले गत चुनाव मधेश केन्द्रित दल जनता समाजवादी पार्टी(जसपा) नेपाल सित तालमेल गरी लडेका थिए। त्यस क्रममा जसपाका अध्यक्ष उपेन्द्र यादव पराजित भए पनि एमाले मधेशमा ठूलो दल बन्न सफल भयो। एमालेको त्यो रणनीति अत्यन्त सफल रहेको मान्नु पर्छ। हाल एमालेले मधेशकै नेताको नेतृत्वमा सरकारमा सहभागी भएको छ। मधेश प्रदेशको राजधानी जनकपुरधामबाट प्रतिनिधित्व गर्ने रघुबीर महासेठलाई उपप्रधान एवं भौतिक पूर्वाधार मन्त्रालयको जिम्मेवारी सहित सरकारमा पठाएको छ । महासेठ र उनकी पत्नी जुली महतो धनुषाबाट नै निर्वाचित सांसद हुन्। प्रचण्ड नेतृत्वको सरकारमा पाँच जना मधेशी मध्ये तीन जना एमालेकै हुन् । दुई जना जसपाका छन् । थारुलाई पनि एमालेले नै मौका दिएको छ । सरकारमा जान नसकेको मुसलमानलाई एमालेले सुदुरपश्चिम प्रदेशको प्रमुख बनाएको छ । विगतमा एमाले माथि लाग्ने गरेको मधेश बिरोधी आरोपलाई गलत साबित गर्न अभ्यासमै लागेको छ। मधेशमा आउँदा मधेशीको समस्या बुझेको बताउने प्रधानमन्त्री प्रचण्डले सरकारमा कसैलाई अवसर दिएको छैन । प्रदेश प्रमुख पनि मधेशी छैन । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले पनि मधेशीलाई पूर्ण उपेक्षा गरेको छ। अन्य दलहरुको भन्दा मधेशप्रति एमाले उदार भएको देखिन्छ। यसले मधेशमा एमालेप्रतिको सहानुभूति बढ्ने निश्चित छ। मधेश र मुसलमानप्रति सदाशयता देखाएर एमालेले मिसन २०८४लाई सफल बनाउने रणनीति सार्वजनिक गरेको छ।

# होशमा आउनुपर्छ कांग्रेस

डा.मिनेन्द्र रिजाल

सरकार परिवर्तन पछाडि मेरो पार्टी नेपाली कांग्रेसको प्रतिक्रिया र मेरो दिमागमा उठेका तरंगहरू फरक रहे । म संसद् र यो प्रक्रियाभन्दा बाहिर भएकाले पनि यसलाई हेर्ने मेरो दृष्टिकोण फरक भएको हुनसक्छ । अथवा मैले देखेको अलि अगाडिदेखि भइरहेका घटनाक्रम सांसद, मन्त्रिपरिषद् र मन्त्रालय बदल्न चाहने साथीहरूले देख्नुभएन कि !

कांग्रेसभित्र महासमिति बैठक लगायतमा भएको बहसलाई माओवादी केन्द्रले सरकारको पूरै स्वरूप बदल्न सकिन्छ भन्ने दृष्टिकोणबाट हेर्नुभयो जस्तो लाग्छ । मलाई चाहिं प्रचण्ड ढिलो-चाँडो कुनै एउटा विन्दुमा पुगेपछि कांग्रेससँग गठबन्धनमा रहनुहुन्न भन्ने लागेको थियो । लम्बिंदा अरू ५/७ महिना जानुहुन्थ्यो होला । त्यति लम्ब्याउँदा पनि उहाँले आफ्नो कदम पुष्टि गर्न सक्नुहुन्नथ्यो ।

अर्को, तिक्तता बोकेर छुट्टिएका केपी ओली र प्रचण्डको भेटघाटमा सौहार्दता र सँगै अलमलिंदै सिंहदरबारको रेट्रोफिटिङ र भित्रका अफिसहरू कसरी बने भनेर आरामसाथ हेर्न सक्ने सम्बन्ध भयो । त्यस्तै, एमालेले टीआरसी विधेयक बहुमतबाट पास गरे हुन्छ भन्यो । अवगाल बोक्न नपर्ने तर काम गर्न सहज बनाउने बाटो दिनुले कहीं न कहीं यो गठबन्धनको धरातल निकै कमजोर भएको छ भन्ने देखिन थालेको थियो । तर, त्यतातिर कांग्रेसले धेरै ध्यान पुऱ्याउन सकेन ।

भुटानी शरणार्थी प्रकरणमा एकाएक कांग्रेसका नेताहरूलाई प्रधानमन्त्री र उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठका बीचमा मिलाप छैन भन्ने भ्रम चलिरह्यो । म जस्तो अन्यत्रबाट पनि सूचना लिने मान्छेलाई उहाँहरू दुबैबीच एकअर्काको अवश्यकताका कारण सम्बन्ध प्रगाढ नै थियो भन्ने जानकारी थियो । बेमेल देखावटी मात्र थियो ।

मैले पार्टी नेतृत्वमा भएका साथीहरूलाई भन्न पनि त्यस्ता बैठकहरू छैनन्, जहाँ म बोलाइन्छु । म आफैंले भन्दा केही नपाएको कुण्ठा पोखेको रूपमा ग्रहण गरेको हुनाले आफूलाई घरभित्र राखेर बसें । तर एक दिन बिहान उठ्नासाथ प्रचण्डलाई अब बेइमानी गर्न लाग्नुपर्छ भन्ने सोच आयो र भयो भन्ने मान्न म तयार छैन । प्रचण्डजी यो प्रक्रियामा सँगसँगै हिंडिरहनुभएको थियो ।

तर कांग्रेसले किन थाहा पाएन भने पार्टीले सबैले पाएका सूचनाहरू एकठाउँमा बसेर तुलना गरेन । सामूहिक नहुनु अहिले कांग्रेसको समस्या हो । त्यसैले अपर्झट कसैको मनमा बेइमानी गर्ने सोच आयो र गरिदियो जस्तो भान परेको छ । यसबाट कांग्रेस उम्किनुपर्छ, नभए अझै यो रनाहमा परिरहन्छौं । त्यसबाट उम्किने हो भने राजनीतिको बलियो गणितलाई हामीले ध्यान दिनुपर्छ ।

यसका लागि कांग्रेस, एमाले, माओवादी, एकीकृत समाजवादी कहाँकहाँ छन् भनेर हेर्नुपर्छ । अघिल्लो दिनसम्म माधवकुमार नेपाललाई प्रधानमन्त्रीको ठाउँ समेत नराखेर सम्झौता भएको ठाउँमा उहाँ (एकीकृत समाजवादी) गएर मिसिनुपर्ने बाध्यता किन बन्छ ? अथवा हिजोको तिक्तता नेताको तहमा बाँकी रहे पनि दोस्रो तहका नेताको बीचमा किन रहेन ? यता हाम्रो ध्यान पुगेन जस्तो लाग्छ ।

माओवादीका प्रचण्ड बाहेकका बाँकी सबै नेताहरू र एमालेमा आधा भन्दा बढी नेताहरूमा भोलिको राजनीति असुरक्षित छ भन्ने मनोभाव छ । कांग्रेसले एक्लै चुनाव लड्ने भनेको अवस्थामा कांग्रेससँग गठबन्धन गरेर बाँकी चार वर्ष मज्जाले चलेको भए माओवादी ५ वर्ष सत्तामा त बस्थ्यो, तर चुनावमा कहाँ उभिन्थ्यो ? कांग्रेस र माओवादी एक भएर चुनाव लड्ने हो भने पनि त्यो पार्टीको नाम के राख्ने ? माओवादी नेताहरूले यो सीमा बुझ्नुभएको थियो ।

अहिलेसम्मको परिस्थितिको समीक्षा गरेर भावी योजना बनाउन पहिला कांग्रेस होशमा आउनुपर्छ । यसमा हाम्रा नेताहरूको सार्वजनिक अभिव्यक्तिको पनि परीक्षण हुन्छ

प्रचण्डका लागि पाँच वर्ष काम गर्ने अवसर हुन्थ्यो होला, तर बाँकी नेता त्यस पछाडि नेपालको राजनीतिमा कहाँ उभिने र कुन संस्थालाई लिएर अगाडि बढ्ने भन्ने सकसमा हुनुहुन्थ्यो । उहाँहरूसँगको कुराकानी र अभिव्यक्तिमा म यस्तो छनक पाउँथें ।

२०६२/६३ को जनआन्दोलन पछाडि अलि बढी सत्ता बाहिर भएको नेपाली कांग्रेस र त्यसपछि एमाले हो । करिव २०० महिनामा (४० महिना बाहेक) सबभन्दा मज्जाले सत्तामा बसेको पार्टी माओवादी हो । अब कुनै पनि पार्टीका मान्छेहरूलाई सत्ता भन्दा बाहिर बस्नु कल्पना भन्दा बाहिर हुन थालेको छ । आज सत्ताबाट बाहिर निस्कियो भने भोलि फेरि सत्तामा कसरी पुग्न सकिन्छ भनेर ध्यान गएको छ । त्यसैले एमालेका पनि थुप्रै नेतालाई अब चार वर्ष सत्ता बाहिर बस्नुपर्छ भन्ने लागेको थियो । ओली, प्रचण्ड र माधव नेपालको अहंकारको लडाइँमा हामी पो जोखिममा पर्ने हौं कि भन्ने चिन्ता गम्भीरतापूर्वक देखिन्थ्यो । यसले पनि एमाले र माओवादी केन्द्रमा एकै ठाउँमा बस्ने कोसिस गर्नुपर्छ भन्ने देखाएको थियो ।

सैद्धान्तिक, वैचारिक रूपले एकातिर पीएस गुरुङ र देव गुरुङ जस्ता नेताको कम्युनिस्ट पार्टीहरू पनि कहीं अलग बस्ने हो र ? जोड्नुपर्छ भन्ने आवाज तलसम्म पुगेको थियो । कम्युनिस्ट पार्टी किन एक नहुने भन्ने प्रश्नले माथिसम्म प्रभाव पारेको थियो । यसलाई अझ बलियो बनाउन सम्भावना पनि भएका र मज्जाकै राजनीतिक महत्वकांक्षा राख्ने विष्णु पैडेल र बर्षमान पुनले पनि निरन्तर भूमिका खेल्नुभयो । सिद्दान्तले पनि कारोबारी लोभले पनि यो गठबन्धन तोडेर नयाँ बनाउन सहज बन्दै गयो ।

राष्ट्रिय सभा निर्वाचनमा पनि हामी (कांग्रेस)ले दुइटा इशारा दियौं । २०१६ सालका महासभादेखि एकल संक्रमणीय मतका आधारमा राष्ट्रिय सभाको निर्वाचन गर्दै आएका थियौं । कांग्रेसले त अस्ति भर्खर वाम गठबन्धनले मज्जाले जितेर आएपछि पहिलो पटक राष्ट्रिय सभा गठन गर्ने क्रममा एकल संक्रमणीय नभएसम्म हुन्न भनेर लामै समय अड्कायौं । एमाले एकल संक्रमणीयमा सहमत भएपछि राष्ट्रिय सभा चुनाव भयो, समानुपातिक टुंगो लाग्यो, बल्ल सरकार बन्यो ।

त्यसलाई पनि बिर्सिएर एमालेको ६ सिटबाट २ चोरेर हामी कांग्रेस ८ बाट १०, माओवादी ३ बाट ६ अनि एकीकृत समाजवादी १ बाट २ हुने बाटोमा गयौं । यसरी कि सकियो, कि सबै छ भन्ने मानसिकताभन्दा बाहिर बसेर राजनीति गर्ने ठाउँ सुनिश्चित गर्नुपर्छ भनेर कांग्रेसको अगुवाइमा स्थापित भएको मान्यता बिर्सियौं ।

यसका साथै कोशी प्रदेश विशिष्ट खालको छ । कोशीको राजनीतिमा थरीथरीका संकेत छन् । त्यसमध्ये एउटा चाहिँ एमाले र कांग्रेसका बीचको पुल आगो लगाइदिए जस्तो भएपछि अर्को दुई पार्टीका बीचमा आवत जावत बढ्ने नै भयो । पुलमा आगो लगाउने साथीहरूले अर्को तर्फको पुलबाट आवत जावत के भइरहेको छ भन्ने थाहा पाउने कुरै भएन । म जस्तो काम नभएर बाहिर बसेको भए अलिअलि भेउ पाउँथे कि !

### जुनसुकै बेला मिल्न र छुट्टिन सक्छन्

एउटा प्रश्न पनि उठ्ने गरेको छ, गठबन्धन बनाएर दलहरूले जनतासँग गरेको बाचा पूरा गर्न एकठाउँमा बस्नुपर्छ कि पर्दैन ? यसका लागि दुइटा विषय हेर्नुपर्छ ।

अघिल्लो पटक एमाले र माओवादी केन्द्रले वाम गठबन्धन बनाएर चुनाव लडे र एकअर्कालाई योगदान गर्न तयार भएको देखियो । त्यो बेला एमालेले समानुपातिकभन्दा प्रत्यक्षमा अढाइ प्रतिशत मत कम पाएको छ, त्यसको आधाभन्दा अलि बढी माओवादीले थपेको छ । घिउ कहाँ पोखियो थालमा भने झैं थोरै तल-माथि भएर के भयो त ? भोलि पार्टी एउटै बनाउने हो भन्ने मानसिकताले उहाँहरू चुनाव लड्नुभयो । अन्ततः पार्टी एकता पनि भयो, तर त्यसलाई कायम राख्न सक्नुभएन । मारामारीपछि छुट्टिंदा दुवै पार्टी सग्लो रहन सकेनन् ।

अहिलेको सत्ता परिवर्तनमा भूराजनीतिक प्रभाव छ कि जस्तो देखिन्छ । यदि हो भने छिमेकको दुई राष्ट्रको तर्फबाट मोर्चा गरेर नेपालमा राजनीति गरेको जस्तो देखिनु नेपालका लागि उचित हुँदैन

यसले हाम्रो राजनीतिक संस्कृति कति पत्र-पत्र परेर बसेको छ भन्ने देखाउँछ । कांग्रेसभित्र मारामारी होला, एमालेमा पनि समूहगत राजनीति हुन थालेको होला । माओवादी अझ त्यहाँ पुगेको छैन । तर जतिसुकै मतभेदका बावजुद पनि पत्रपत्रमा रहेको संरचनागत तागतले पार्टीलाई सिंगो रूपमा उभ्याएको छ, एकढिक्का बनाएको छ, संस्थागत बनेको छ । अन्तर पार्टी सम्बन्ध संस्थागत छैन, तरल छ । जहिले पनि मिसिन सक्छन्, छुट्टिन पनि सक्छन् । वितेको ६ वर्ष, विशेषत पछिल्लो एक वर्षका नाटकीय घटनाक्रमले यसलाई प्रमाणित गऱ्यो ।

यसपालि हामीले गठबन्धनको प्रयत्न गऱ्यौं । गठबन्धनमा कांग्रेसले अढाइ प्रतिशत र माओवादीले १.७ प्रतिशत योगदान गऱ्यो, तर एकीकृत समाजवादीले १.४ प्रतिशत मात्र फाइदा लिन सक्यो । यसअर्थमा झण्डै ३ प्रतिशत मत गठबन्धनले गुमायो । त्यसैले चुनावबाट फर्किंदा 'घिउ कहाँ पोखियो, भागैमा'भन्ने मनोभाव पनि रहेन । हाम्रो मनमा पनि न उम्मेदवार बन्न पाइयो, समानुपातिक सिट पनि घट्यो, प्रत्यक्षमा पनि अपेक्षित परिणाम आएन भन्ने भाव रह्यो । माओवादीलाई एमालेसँग ३६ सिट जितेको माओवादीले कांग्रेससँग १८ सिट मात्र जित्यो, समानुपातिकमा पनि घट्यौं भन्ने लाग्यो ।

अंकमा हेर्न परेन, मनोभावमा सबैलाई हामीले जे खोजेका थियौं, त्यो पाएनौं । कसले बेइमानी गऱ्यो भन्ने मनोभाव रहिरह्यो । त्यही मनोभाव, अनि दलहरूको गठबन्धन संस्थागत नभइसकेकाले माओवादीलाई कांग्रेससँग छुट्टिन कुनै गाह्रो भएन । प्रधानमन्त्री को बन्ने ? राष्ट्रपति को बन्ने ? दुवै पद पाउनुपर्छ कि पर्दैन भन्ने कचपचमा निर्वाचनको परिणाम संस्थागत गर्ने क्रममा गठबन्धन टुट्यो । कांग्रेस र माओवादीले सुरुमा सरकार बनाउन नसक्दा नै चुनावमा जनतासँग गरेको प्रतिबद्धता सकिइसकेको थियो । बीचमा सँगै बसेको हुनाले त्यसको निरन्तरता थियो भन्नु गल्ती हुन्छ । किनकि त्यो क्रम टुटिसकेको थियो । कांग्रेस, एमाले, माओवादी केवल पार्टी हो भन्ने मात्र एउटा निरन्तरता थियो । यो निरन्तरतामा आज कांग्रेसको सट्टा एमाले र माओवादी मिल्ने अथवा भोलि एमाले र माओवादीको सट्टा एमाले र कांग्रेस मिल्दा अचम्म हुने अवस्था छैन ।

### अब के ?

जस्तो कि युवा महामन्त्रीहरूले भनिरहनुभएको छ, हामी महाधिवेशनबाट नेतृत्व फेरेर गुमेको जनाधार फिर्ता गर्छौं । देउवाको त यो अन्तिम कार्यकाल हो । नेतृत्व त फेरिन्छ नै, पुस्ता बदल्ने भने पनि रूप बदल्ने भने वा नभनेपनि नेतृत्व त नयाँ आउँछ ।

पुस्ता बदल्ने, रूप बदल्ने कुरा आफ्नो सुविधाका लागि बोलिने बोली मात्र हो । होइन भने आउने महाधिवेशनमा कांग्रेसको नेतृत्व त परिवर्तन यसै हुन्छ, कांग्रेसको सामूहिक स्वार्थको बिन्दु पहिल्याउँ, जहाँ सबै कांग्रेस मिलेर काम गर्न सकिन्छ । एकअर्कासँग प्रतिस्पर्धा गर्न सकिन्छ ।

पार्टी सभापति शेरबहादुर देउवाको मनमा पनि पार्टीमा केही लिगेसी छोडेर जाने चाहना होला । उहाँले राष्ट्रपति हुने बाटो रोज्नुभएन । फागुन २०७९ को राष्ट्रपतिको निर्वाचनपछि राजनीति दैनानुदिनको कारोबारको बन्यो होला, सत्ताको तानातानको बेला त्यतातर्फ ध्यान दिन पाउनुभएको थिएन होला । अब आफूले कांग्रेसमा अमिट रूपमा छोडेर जान चाहेको के हो भनेर सोच्ने अवसर प्राप्त भएको छ ।

यसअर्थमा सभापति र महामन्त्रीहरूका लागि अवसरका रूपमा हेर्ने हो भने अब कसरी महाधिवेशनको प्रक्रियामा जाने ? महाधिवेशन कहिले गर्ने र महाधिवेशनदेखि २०८४ को रूपमा हामी पार्टीलाई कुन रूपमा लिएर जान्छौं भनेर छलफल थाल्नुपर्छ । आउने महाधिवेशनमा नेतृत्व छान्ने वा म पछाडि कसलाई सभापति बनाउने भनेर देउवाले पनि सोचिरहनुभएको होला । नेतृत्व लिएर अगाडि बढ्छु भन्नेले पनि कांग्रेस यस्तो बनाउँछु भन्ने सोच्नुभएको होला । यसका लागि कहीं न कहीं संवाद जरूरी छ । त्यसैले कांग्रेसले अहिले सत्ता गयो भन्ने चिन्ता गर्नुभन्दा २०८४ सम्म र त्यसपछिका विषय मज्जाले संवाद गर्ने अवसर जुटेको छ। अहिलेको घटना ठिक बाटोमा हिंड्यो भने दीर्घकालीन रूपमा नेपालको राजनीति सुधार्ने अवसर बन्न सक्छ ।

### निर्वाचन प्रणाली सुधारौं

नेपालमा हामीले अहिले अपनाएको निर्वाचन प्रणाली रहँदासम्म गठबन्धन नबनाई हुँदैन । त्यसैले गम्भीरतापूर्वक समानुपातिक निर्वाचन प्रणालीको समीक्षा गर्नुपर्नेछ । ११० को सट्टा ६० जतिमा ल्याउन सक्यौं र १२५ आसपासको प्रतिनिधिसभा बनायौं भने कांग्रेस, एमाले वा यस्तै जनाधार भएका पार्टीहरूले एक्लाएक्लै चुनाव लड्दा पनि बहुमत वा बहुमतको आसपास पुग्न सक्छौं ।

निर्वाचन प्रणालीमा यो सुधार कांग्रेस र एमालेको स्वार्थमा छ । एकछिनका लागि मानौं, माओवादीको स्वार्थमा छैन । तर भोलि एक्लै बहुमत ल्याउँछु भन्ने महत्वाकांक्षा राखेका नयाँ पार्टीहरूलाई पनि सुहाउने सुधार होला । त्यसैले कांग्रेस, एमाले र उनीहरू एकठाउँमा हुनासाथ निर्वाचन प्रणाली सुधार गर्न सकिन्छ ।

त्यसैले कांग्रेसले महाधिवेशनमा जाँदै गर्दा निर्वाचन प्रणालीमा सुधारसँगै महाअभियोग र संवैधानिक परिषदबारे न्याय क्षेत्रले महसुस गरेको असहजतातिर पनि ध्यान दिनुपर्छ ।

हामीले यो संविधान बनाउँदा नै सदावर्तका लागि भन्ने भावबाट, कहिले बन्यो भन्ने साल नतोकेर नेपालको संविधान भनेका छौं । यसका लागि पनि गम्भीर राजनीतिक मुद्दाहरू बोकेर पार्टीले नयाँ बाटो खोजी गर्दै महाधिवेशनको तयारी गर्नुपर्छ । शायद देउवाका लागि पनि नेपालको राजनीतिमा अमिट छाप छोड्ने विषय यही रहलान् । कांग्रेसले पनि संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी राजनीति र यही संविधानलाई बलियो बनाएर देशलाई समृद्धिको बाटोमा बलियो फड्को मार्न सक्ने राजनीति निर्माण गर्न सक्छ ।

आगामी दिनमा यिनै संवैधानिक विषयले कांग्रेस र एमालेको बीचमा अथवा कांग्रेस, एमाले र नयाँ पार्टीहरू बीचमा केही सम्बन्ध बनाउन वा टाढा धकेल्न भूमिका खेल्न सक्छ । अब पार्टीहरू नजिक आउने वा टाढा जाने, सरकार बनाउने वा नबनाउने विषयहरू चाहिं गम्भीर संवैधानिक र राजनीतिक मुद्दाहरूमा टुंगो होस् । पार्टीहरू अलग-अलग हुन्, बराबरीको मैदानमा बसेर प्रतिस्पर्धा गर्छन् र जो-कोही पनि अगाडि बढ्न सक्छ भन्ने बाटो निर्माण गरौं ।

अहिलेको सत्ता परिवर्तनमा भूराजनीतिक प्रभाव छ कि जस्तो देखिन्छ । यदि हो भने छिमेकको दुई राष्ट्रको तर्फबाट मोर्चा गरेर नेपालमा राजनीति गरेको जस्तो देखिनु नेपालका लागि उचित हुँदैन । राजनीतिलाई यसरी अगाडि जान नदिने कांग्रेस जस्तो पार्टी नै बढी जिम्मेवार हुनुपर्छ, जुन कांग्रेसका लागि अवसर पनि हो ।

# गठबन्धनले उब्जाएका प्रणालीमाथिका प्रश्न

गोविन्द कोइराला

नेपालको राजनैतिक वृत्त, सामाजिक सञ्जाल, पत्रपत्रिका, चियापसल तथा चौतारामा पुनः एकपटक 'गठबन्धन' शब्दले चर्चा पाएको छ ।

सामाजिक सञ्जालहरुमा 'मिम' वा हाँसिमजाक बनेको तर बौद्धिक वर्गले चिन्ताको विषय मानेको यसपटकको गठबन्धनले कुन र के कस्ता प्रश्न चिह्न खडा गरेका छन्, गठबन्धनको संस्कार र यसको अन्तर्य, तथा गठबन्धनसँगै उब्जिने निर्वाचन प्रणाली र संवैधानिक विषयमा हामी चर्चा गर्ने छौं।

यही फाल्गुन २१ गते बिहान सामाजिक सञ्जाल विभिन्न कोणहरुबाट रङ्गिएका थिए। सिंहदरबारका भिताहरूमा फेरि नयाँ रंगले पोतिएको कुरा पत्तालगाउन मुस्किल थिएन किनकि अघिल्लो दिन बेलुकी नैं बालुवाटार, खुमलटार, बालकोट र बूढानीलकण्ठ समाचारका शीर्षक बनिसकेका थिए।

अनलाइन पोर्टलहरुले दिने छोटकरी सूचना जस्तै छुट र पुट गरी विचारहरू सञ्जालमा छ्याप्छ्याप्ती बने ।

लोटरी परेर सरकारमा गएका दलका कार्यकर्ता र समर्थक खुसी देखिन्थे। पूर्वनिर्वाचन गठबन्धन गरेर गएका दलका मतदाताले आफूले अर्को पार्टीको चिह्नमा भोट नहालेको खुलासा समेत त्यही हुन थाल्यो । इमान्दार कांग्रेस र बेइमानी माओवादी भन्ने पनि देखिए ।

राजनैतिक वृत्त भरी आक्रोश, निराश र मजाकको श्रृंखला चलेको बखत केही गम्भीर प्रश्न र विश्लेषण पनि सतहमा प्रकट भए ।

चुनाव पछिका १५ महिनामै ३ पटक सरकार फेरिएको कुरामा भावहरु मिश्रित नै देखिए। तर अस्थिरताको खुद्रा पसल जस्तो बनेको नेपाली राजनीति प्रति भने सबै चिन्तित देखिए ।

त्यहाँ उब्जिएका प्रश्न र संशयहरु जायज छन्। जस्तोकिः

मतदाताको 'फ्रीडम अफ च्वाइस' मान्यताको खिलाफ कुनैपनि दलहरुले स्वविवेकले चुनाव चिन्हमा मत हाल्न नदिने गरी 'प्रि इलेक्सन् अलायन्स' गर्न मिल्छ ? अस्थिरताको नाममा बनेका गठबन्धनले के स्थिर सरकार दिदा रैछन त ? 'प्रि इलेक्सन' निर्वाचनमा जाँदा भत्किने समावेशिताको कोटा र प्रतिनिधित्व बेगर देखिने सीमान्तकृततालाई जायज मान्न सकिन्छ त ? सरसरती हेर्दा 'सिन्डिकेट' देखिएको गठबन्धन बन्ने आधार के ? अंकगणित की नीति तथा कार्यक्रम ।

सञ्जाल वा चियापसलहरुमा व्यक्त प्रतिक्रिया र रायका पछाडि छलफल हुनु पर्ने थुप्रै यस्ता विषयहरू छन्।

फाल्गुन २१ गते राति बनेको सहमतिपत्रमा राष्ट्रिय सभाको अध्यक्ष, उपाध्यक्ष बाँडफाँट र मन्त्रिको सिटलाई मोलमोलाई गरेर एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी र जसपाका अध्यक्षहरुले निर्माण गरेको गठवन्धनमा सम्मिलित दलका नियत र संस्कारप्रति पनि संशय उठेका छन्।

यी प्रश्न र संशयलाई अन्य मुलुकका परिवेश र हाम्रो अवस्थाका आधारमा स्पष्ट धारणा बनाउन प्रक्रिया र प्रणाली वा हाम्रो संस्कारमा सुधारको विकल्प तर्फ बहस गर्नु अहिलेको टड्कारो आवश्यकता देखिएको छ ।

नेपालमा गठबन्धन सरकार र निर्मित अस्थिरताको कारक तत्व मिश्रित निर्वाचन प्रणालि हो, शासन व्यवस्था हो वा राजनैतिक संस्कार ?

अहिलेका गठबन्धन दलले मन्त्री पदको बार्गेनिङमा आँखा गाडेका बेला हामी भने अन्य मुलुकमा निर्वाचन प्रणाली र गठबन्धनको परिस्थिति हेरौं र नियालौं ।

लोकतन्त्र रहेका मुलुकमा मुख्य गरी संसदीय र राष्ट्रपतीय शासन व्यवस्था हुने गरेका छन्। शासन व्यवस्था र निर्वाचन प्रणालि आफ्नो अनुकूलता अनुरूप फरक छन् ।

कार्यकारी राष्ट्रपतीय प्रणाली भएको अमेरिकाको सरकार स्थिर देखिन्छ। कार्यकारीको कामकारबाहीमा प्रभाव नपार्ने त्यहाँको तल्लो र माथिल्लो सदन स्वतन्त्र रूपमा कानुन निर्माण र शक्ति सन्तुलन मिलाउने ठाउँ हुन्।

दुवै सदनमा साना र फरक दलहरुको पनि प्रतिनिधत्व हुने हुनाले फरकमत राख्ने ठाउँ त्यो देखिन्छ। यहाँ नीतिको मन्थन हुन्छन् , फरकमत पनि आउँछन् र सहमति पनि बन्ने हुन्छ। दुई मात्र दलको वर्चस्व रहेको अमेरिकामा स्थापनाकाल देखि नै लिबरल (डेमोक्र्याट) र कन्जरभेटीभ दल नीति र परिकल्पनाको आधारमा जनताद्धारा पालैपालो निर्वाचित भएका इतिहास छ। यहाँ बहुमतीय निर्वाचन प्रणाली हुन्छ र गठबन्धनको गुन्जायस नै छैन।

निर्वाचनबाटै आएर अधिनायकवादी कदम चाल्न सक्ने देशको नेतृत्व देखेका जनताले यस्तै अवस्थामा प्रत्यक्ष कार्यकारी सरकार प्रमुखको परिकल्पना गर्लान् ?

भारतमा संसदीय व्यवस्था छ। सदनको बहुमतले कार्यकारी प्रधानमन्त्री चुनिन्छन् । बहुमतीय (प्रत्यक्ष) निर्वाचन प्रणालि भएको भारतमा सम्पूर्ण रूपमा 'पहिलो हुने निर्वाचित हुने ' प्रक्रिया छ, जसमा समानुपातिक समावेशिताका लागि छुट्टै समानान्तर निर्वाचन हुँदैन , तर तोकिएका निर्वाचन क्षेत्रबाटै निश्चित कोटा समावेशी प्रतिनिधत्व हुनेगरी प्रत्यक्ष निर्वाचनबाटै जितेर आउने मानक छ।

निर्वाचनमा चर्को ध्रुवीकरण देखिने भारतको चुनावी इतिहासमा जित्नकै लागि , कुनै विकशित राजनैतिक घटनाक्रमका विरुद्ध , क्षेत्रीय दलको प्रभाव वा जातीय नाराहरूका प्रभाव, भ्रष्टाचार वा अलोकतान्त्रिक कदमका विरुद्ध नामक 'प्री इलेक्सन' गठबन्धन बन्छन्।

सन् १९४८ पछिको स्वतन्त्र भारतमा भारतीय कांग्रेस पार्टीको २० वर्ष एकल राजकाजमा त्यहाँका क्षेत्रीय दलहरुसँग कम्युनिष्ट विचारधाराको निस्टेजको लागि गरेको गठबन्धन होस् वा भारतीय राष्ट्रिय कांग्रेसलाई घेराबन्दी गर्दै सन् १९७५-१९७७ को संकटकाल घोषणा गर्नु पूर्व र पश्चात गरिएका ।

१९७१, १९८९ जनता दल तथा अन्यको वा १९९६ तथा २०१४ पछि को भारतीय जनता पार्टीले नेतृत्व गरेको राष्ट्रिय जनतान्त्रिक मोर्चा (एनडिए) को विधान सभा र लोकसभाका लागि राष्ट्रिय वा क्षेत्रीय दल सँगको गठबंधन; त्यस्तै २००४ देखि २ कार्यकाल चलेको भारतीय राष्ट्रिय कांग्रेस नेतृत्वको संयुक्त प्रगतिशील गठबंधन ( यूपीए) ।

भाजपाको शक्ति बढेको देखका धेरै क्षेत्रीय र राष्ट्रिय शक्तिहरू विचार र मुद्दा नमिले पनि गठवन्धन गरी सत्तामा आउने प्रवृत्ति हाल भारतमा देखिएका छन् (जस्तै सन् २०१५को पिडीपी र भाजपाको जम्मू र कश्मीरको गठबन्धन, तर यो लामो समय चलेन।)

भारतमा निर्वाचन गठबन्धनले यही वर्षको अप्रिल र मेंमा हुने लोकसभा निर्वाचनमा पनि निरन्तरता पाउने देखिन्छ।

सत्तापक्षद्वारा धर्मको राजनीतिकरण गरेको, उग्रवादलाई प्रोत्साहन गरेको , प्रेस र मीडियामाथि कब्जा गरेको, ' क्रोनी क्यापिटालिज्म' लाई बढावा दिंदै भ्रष्टाचार बढाएको भन्ने जस्ता थुप्रै गम्भीर आरोप सहित विकल्पको रुपमा प्रतिपक्ष दलको गठबन्धन 'इंडिया फ्रन्ट' चुनावमा उभिदै छन्।

इतिहासले देखाउँछ भारतमा चुनाव पूर्वका सीमित गठबन्धन सरकार बाहेक धेरैले पूर्ण कार्यकाल सरकार चलाउन पाएनन्।युरोप विशेषतः यूरोपीय युनियन(ईयू) का अधिकांश मुलुकमा संसदीय व्यवस्था छ तर निर्वाचन प्रणाली भने छिटपुट बाहेक सबैमा मिश्रित नभई पूर्ण समानुपातिक छ (अपवाद जर्मनी, इटालीमा भने नेपालमा जस्तै प्रत्यक्ष र समानुपातिक दुवै)।

'ईयू' का अधिकांश मुलुकमा दल आफ्ना नीति र एजेण्डा सहित निर्वाचनमा जान्छन् र पार्टीलाई आएको मतको अनुपातमा संसद्मा सीट प्रप्त गर्छन्।

चुनाव अगाडिको गठवन्धन प्रायः कम हुने यी मुलुकमा पूर्ण समानपातिक प्रणाली रहेकोले एकल पार्टीको बहुमत आउनु सम्भव देखिन्न त्यसकारण निर्वाचन पश्चातको गठबन्धन यहाँको अनिवार्य सर्त देखिन्छ।

यहाँ गठबन्धन बनाउनै र बनेपनि टिकाउनै गरो देखिन्छ।तर गठबन्धन बन्ने समय यी मुलुकका दलबीच घनीभूत छलफल र ठोस सहमति बन्छन।

संभावित सरकारमा जाने दलहरु बिच आवश्यक अनुसार महिनौ महिना सम्म आफ्ना नीति र मुद्धा स्थापित 'नेगोसिएसन' हुन्छ । तत्कालीन र दीर्घकालीन युरोपेली युनियन, वैदेशिक व्यापार , इमिग्रेसन,घर कर्जा, विद्यार्थी कर्जा जस्ता विभिन्न मुद्धामा फरक मत हुने गरेका त्यहाका दलमा आफूले चुनावमा उठाएका मुद्धा नबोके आगामी निर्वाचनमा पार्टीको मत घट्ने हुनाले गठबन्धन सरकारमा जानु अगाडि आफ्नो एजेन्डा पूरा हुने प्रत्याभूति हुनु अपरिहार्य ठान्छन्। यसको उदाहरण नेदरल्याण्डमा सन् २०२१ को निर्वाचन पश्चात सरकार गठन हुन २७१ दिन सम्म लागेको थियो।

यसरी ईयुमा देखिने पूर्ण समानुपातिक प्रणाली र अघि भारत वा अमेरिकामा चर्चा गरिएको बहुमतीय निर्वाचन प्रणाली दुई फरक ध्रुव हुन ! त्यस्तै अफ्रिका , दक्षिण अमेरिका , तथा एशियन देशहरूमा पनि चलन चल्तिका यिनै तीन प्रकारका निर्वाचन प्रणालि हुन्।

माथिका उदाहरणहरुबाट हामी स्पष्ट हुन सक्छौं : शासन व्यवस्था एउटै भएपनि निर्वाचन प्रणाली आफ्नो अनुकुलतामा फरक हुन सक्छन्। जस्तो नेपालको निर्वाचन प्रणालि मिश्रित हो भने नेदरल्याण्डसको पूर्ण समानुपातिक हो।

फेरि निर्वाचन प्रणाली एउटै भएपनि शासन व्यवस्था फरक हुन सक्छन्। जस्तै भारत र अमेरिका जसको आफ्नै विशिष्टता सहितको बहुमतीय निर्वाचन प्रणालि छन् तर शासन व्यवस्था फरक छ।

यहाँबाट बुझिन्छ कि मुलुकमा आफ्नै छुट्टै शासनव्यवस्था र अनुकूलता अनुसारको निर्वाचन प्रणाली हुन्छन्।

त्यसैले निर्वाचनबाट बन्ने एकल बहुमतको वा गठबन्धनको सरकारमा शासन व्यवस्थाको नै दोष कदापि हुँदैन।

यस्तै समावेशीताको सुनिश्चितताका लागि पनि निर्वाचन प्रक्रियाको प्रकृतिले निर्धारण गर्ने देखिन्छ। चुनाव र निर्वाचन प्रक्रियाको सबै सामाजिक तत्व विचको द्वन्दलाई साझा स्वार्थमा परिणत गर्दै सहमति र प्रतिनिधत्वमा प्रतिबिम्बित गराउँदछ।

निर्वाचन प्रणालीको जग आफ्नो मुलुकको बहुलवादलाई परिष्कृत गर्ने खालको हुनु पर्दछ जसले मुलुकको लोकतन्त्रलाई सबलीकरण गर्दछ।

विश्वभरमा संसदीय व्यवस्थाको मुलुक अनुसार प्रयोग भररहँदा प्रत्यक्ष निर्वाचन प्रणालिले मात्र अल्पसंख्यक, दलित , महिला, आदिवासी जनजातिको समावेशिता र प्रतिनिधित्व नभएको वा अल्पमतको कदर हुने गरी यस प्रणालीले काम नगरेको हुनाले सन् १८५७ मा डेनमार्कबाट समानुपातिक समावेशी प्रतिनिधित्वलाई निर्वाचन प्रणालीमा स्थान दिएर थालनी भएको देखिएको छ। त्यसपश्चात निर्वाचन प्रणालीमा मुलुकहरूले आफ्नो अनुकूलता अनुरूप पूर्ण समानुपातिक, बहुमतीय वा मिश्रित निर्वाचन प्रणालि अपनाएको दृश्य देखिएको छ।

नेपालमा संसदीय निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालि अन्तरगत वि.सं.२०१५ मा संसदीय निर्वाचन भयो। कांग्रेसको नेतृत्व उदार भएर अल्पसंख्यक वा समाजका विविध वर्गलाई टिकट दियतापनी संस्थागत रूपमा समावेशी प्रतिनिधित्व हुने आधार संविधानले दिएको थिएन । २०४६ को जनआन्दोलनले पुनः प्रजान्तन्त्र स्थापना गराएपछि पनि सरकार बन्यो, सरकारले संविधान दियो जसको जगमा वि.स. २०४८, २०५१,२०५६ मा निर्वाचनहरु भए जसमा बहुमतका सरकार बने , गठबन्धनको सरकार पनि बन्यो तर समावेशी प्रतिनिधत्व संस्थागत भएको थिएन।

नेपाली समाजको बनोट, संरचना र एतिहासिक राजनैतिक र सामाजिक व्यवस्थाका कारणले प्रत्यक्ष निर्वाचन प्रणालीमा सम्पूर्ण वर्ग, लिङ्ग, क्षेत्र र जातीय समूहको स्वस्फुर्त सहभागिता हुन प्रयोगात्मक देखिन्न। दलको उदारता कारण टिकट दिएपनि समाजका अन्य वर्गसंग उत्पीडन र दमनमा परेका उम्मेदवारले प्रत्यक्ष निर्वाचन मार्फत जित्न गाह्रो देखियो।

फलस्वरूप २०६२/६३ को एतिहासिक दोस्रो जनआन्दोलनपश्चात संविधानसभाको निर्वाचनको लागि अन्तरिम संविधान २०६३ र संविधान सभा निर्वाचन ऐन; मार्फत नेपालमा सबै लिङ्ग, वर्ग, क्षेत्र र जातीय समूहको प्रतिनिधित्वको लागि समावेशी समानुपतिक समानान्तर निर्वाचन प्रणालि अवलम्बन गरियो।

हाल सम्म वि.स. २०१५ को सरकार लाइ राजाले अपदस्थ गरेको, वि.स. २०४७ को सरकारले संविधान दिएको, वि.स. २०७० को सरकारले संविधानसभाबाट नेपालको संविधान २०७२ दिएको प्रसङ्गमा या त राष्ट्र प्रमुखको दोष देखिएको छ या त सरकारका सफलताका नमूना नत्रभने प्रश्न दलहरु विचको साँठगाँठ,लेनदेन, डेलिभरी दिन नसक्नु, संवादको कमी, नेताको अहंकार वा लोकतान्त्रिक चरित्रको कमीकै कारण वि.सं. २०४८, २०५१,२०५६ , २०६४ , २०७४ र हालको पनि , सरकार निर्माण / टुक्रिने वा पूरा कार्यकाल व्यवस्थापिकाले कामै गर्न नपाउने गरी संसदीय राजनीतिमै विभिन्न प्रश्न खडा हुने गरी उदुद् भएका छन्।

यी सबैमा सरकारका आफ्नै पृष्ठभूमि र कारक तत्व थिए र छन् तर २०६४ पछि बनेका सरकारमा देखिएका अस्थिर प्रवृत्तिले निर्वाचन प्रणालीको दोष होकी भन्ने तर्क आउने गरेका छन्।

प्रायः गठबन्धनको सरकार बन्ने शृङ्खला चलेको हालको अवस्थामा निर्वाचन प्रणालीको विकल्प खोज्न सुझाइएको देखिन्छ। यद्यपि एकल दलको बहुमतको सम्भावना नरहेको भने होइन। फेरि हामीले खोजेको जस्तो समावेशी र उन्नत लोकतन्त्रका निम्ति प्रतिनिधित्वको सुनिश्चितता आवश्यक रहेको पनि नकार्नै मिल्दैन।

निर्वाचन प्रणालि भित्रै सुधारका लागि निर्वाचन सम्बन्धी ऐन केही समयमा संसदमा आउँदै गर्दा हाल ब्यापक छलफल र बहस हुनु जरुरी छ। 'प्रि इलेक्सन' गठबन्धन नगराउने हो र स्थिर सरकार खोजेको हो भने निर्वाचन प्रणालि सम्बन्धी विकल्पमा निम्नलिखित ट्रेन्डमा ठीक र बेठीकको स्पष्टता सबै दलबीच हुनु पर्दछ।

पहिलो, पूर्ण समानुपातिक निर्वाचन प्रणालि , प्रत्यक्ष निर्वाचित कार्यकारी सरकार प्रमुख ।

दोस्रो, हालकै मिश्रित निर्वाचन प्रणालीलाई केही परिमार्जन गरेर जाने , समानुपातिकको सिटलाई केही कम गरेर जाने र तेस्रो, पूर्ण रूपमा समानुपातिक हटाउने , आवश्यक समावेशिताका सीट निर्वाचन क्षेत्र नै तोकेर बहुमतीय आधारमा सम्पूर्ण सांसद प्रत्यक्षबाट नै आउने व्यवस्था।

हामीलाई चाहिएको स्थिरता पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट आशा गर्दैनौं । गठबन्धन संस्कार हाम्रोमा राम्रो देखिएन ।

# राष्ट्रप्रति समर्पित युवा देशका लागि पहिलो आवश्यकता : प्रधानमन्त्री

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बदलिँदो विश्व परिवेशमा अनुशासित र राष्ट्रप्रति समर्पित युवा हरेक राष्ट्रको पहिलो आवश्यकता भएको बताएका छन् ।

राष्ट्रिय सेवा दलद्वारा सञ्चालित १८औँ ब्याच सिनियर डिभिजन तालिमको दीक्षान्त समारोहलाई मंगलबार सम्बोधन गर्दै प्रधानमन्त्रीले युवाको पहिलो कर्तव्य राष्ट्रको सेवा हुने बताए ।



प्रधानमन्त्रीले युवा सशक्तीकरण तालिमले सामर्थ्यवान्, उद्यमशील, सृजनशील एवं सकारात्मक सोचयुक्त भविष्यका कर्णधारहरू तयार गरी राष्ट्रको पक्षमा अर्थपूर्ण योगदान दिन सक्ने सक्षम युवाहरू उत्पादनमा सरकार हरसम्भव प्रयासरत रहेको बताए। "नेपालको प्रत्येक राजनीतिक परिवर्तन तथा सामाजिक रूपान्तरणमा युवाको महत्वपूर्ण योगदान रहँदै आएको छ," प्रधानमन्त्रीले भने, "साहस, सृजनशीलता, सिक्ने क्षमता तथा आत्मविश्वास उच्च रहने युवा वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोत र पहरेदार मानिन्छ ।"

प्रधानमन्त्रीको निजी सचिवालयअनुसार युवाको नेतृत्व विकास, नैतिक आचरण र अनुशासनमा निखार ल्याउँदै सबल, सभ्य र सचेत नागरिक बनाउन राष्ट्रिय सेवा दल तालिम उपयोगीसिद्ध हुने गरेको आफूले पाएको प्रधानमन्त्रीले बताए ।

प्रधानन्त्रीले विविध परम्परा, संस्कृति र संस्कारको प्रतिनिधित्व गर्दै नेपालका विभिन्न स्थानबाट आई तालिममा सहभागी भएका युवालाई एउटै छानामुनि बसेर सैनिक कला तथा समसामयिक विषयमा ज्ञान आर्जन गर्नाका साथै एकअर्काको परम्परा, मूल्य, मान्यता, संस्कृति र संस्कार बुझ्ने मौका प्राप्त भएको उल्लेख गरे । उनले भने, "तालिमबाट प्राप्त ज्ञानले तपाईंहरूमा राष्ट्रिय एकताको भावनासमेत अभिवृद्धि गरेको छ भन्ने विश्वास लिएको छु ।"तालिमले युवालाई अनुशासित, मर्यादित र मुलुकप्रति समर्पित नागरिक बनाउनाका साथै विपद्को समयमा परिचालन गर्न सकिने तालिमप्राप्त स्वयंसेवक जनशक्ति उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको प्रधानमन्त्रीले उल्लेख गरे ।

"दीक्षित युवाले राष्ट्रलाई आवश्यक परेको समयमा निःस्वार्थ सेवाभावबाट समर्पित भई एक कर्मठ नेपाली नागरिकका रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुनेछ," प्रधानमन्त्रीले भने, "तालिमका क्रममा तपाईंहरूले हासिल गरेका ज्ञानले उक्त कार्यका लागि अभिप्रेरित गर्नेछ भन्ने विश्वास लिएको छु ।"

युवाको व्यक्तित्व विकास गर्ने उद्देश्यले २०२२ सालदेखि ' अनुशासन राष्ट्र सेवाको मूल जग हो' भन्ने मान्यतामा आधारित रहेर राष्ट्रिय सेवा दलको तालिम थालिएको थियो । समारोहमा क्याडेट छात्रछात्राले विभिन्न कला तथा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । त्यस अवसरमा प्रधानमन्त्री एवं राष्ट्रिय सेवा दलका संरक्षक दाहालले क्याडेट छात्रछात्रालाई दर्ज्यानी चिह्न तथा पुरस्कार र प्रशंसापत्र वितरण गरेका थिए । समारोहमा राष्ट्रिय सेवा दलका सहसंरक्षक एवं रक्षामन्त्री, प्रधानसेनापतिलगायत उच्चपदस्थ अधिकारीको सहभागिता थियो ।

# राष्ट्रियसभाको गरिमा बढाउने नवनिर्वाचित अध्यक्ष दाहालको भनाई

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रियसभाका नवनिर्वाचित अध्यक्ष नारायणप्रसाद दाहालले उक्त सभाको गरिमा र महत्व बढाउन आफूले पहल गर्ने बताएका छन् ।



सभा अध्यक्षमा निर्वाचित भएपछि बैठकबाट बाहिरिने क्रममा सञ्चारकर्मीहरुसँग कुरा गर्दै अध्यक्ष दाहालले यस संस्था अत्यावश्यक संस्था हो भन्ने मान्यता स्थापित गर्न भूमिका खेल्ने बताए ।

"राष्ट्रियसभाले गर्नुपर्ने सबै दायित्व र भूमिकालाई पूरा गराउन म सबै दलसँग आवद्ध सदस्यलाई एकतावद्ध बनाएर लैजान प्रतिवद्ध छु । त्यसमा सफल हुन्छु भन्नेमा मलाई आत्मविश्वास पनि छ'', अध्यक्ष दाहालले भने, "म त्यहीअनुसार अगाडि बढ्छु ।"

संविधानमा उल्लेख भएअनुसार राष्ट्रियसभाले निर्वाह गर्नुपर्ने भूमिका तथा कार्यपालिकासँग जोडिएर आउने भूमिकालाई स्थापित गर्नेतर्फ आफूले काम गर्ने उनको भनाइ थियो ।

राष्ट्रियसभाको अधिकार क्षेत्रभित्र पर्ने हरेक कामलाई गम्भीरताका साथ लिएर आफू अगाडि बढ्ने बताउँदै उनले कानुन निर्माण या अन्य सवालमा सभाको गरिमा बढाउनेतर्फ आफू लाग्ने उनको भनाइ थियो । अध्यक्ष दाहालले मंगलबारै राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको सपथ लिएका छन् ।

# अर्थतन्त्रलाई लयमा फर्काउने प्रयासमा थिएँ: डा महत

टुडे समाचारदाता

पाटन । निवर्तमान अर्थमन्त्री डा प्रकाशशरण महतले सङ्कटमा रहेको अर्थतन्त्रलाई अर्थमन्त्रीका हैसियतले आफूले अथक प्रयासका साथ लयमा फर्काउने प्रयास गरेको बताएका छन् । मंगलबार कांग्रेस केन्द्रीय कार्यालय ललितपुरमा पत्रकार सम्मेलन गरी नेपाली कांग्रेसका प्रवक्ता समेत रहेका डा महतले अर्थतन्त्रका सूचकहरु नकारात्मक नरहेका र यसका लागि आफूले मेहनत गरेको पनि प्रष्ट पारे ।



"मैले अर्थमन्त्रीको जिम्मेवारी सम्हाल्दा मुलुकको अर्थतन्त्रको अवस्था शिथिल थियो, मेहनतका साथ लयमा ल्याएका थियौँ ।

नेपाल राष्ट्र बैंक, एसियाली विकास बैंक (एडिबी) र विश्व बैंकलगायतले प्रकाशित गरेका तथ्याङ्कबाट पनि यो स्पष्ट हुन्छ", उनले भने, "अर्थमन्त्रीको जिम्मेवारी लिंदा मूल्यवृद्धि आठ दशमलव पाँच प्रतिशत रहेकोमा अहिले त्यो पाँच प्रतिशतमा सीमित छ ।"

डा महतले अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि मौद्रिक नीति खुकुलो बनाइएकाले पछिल्लो समय बैंकको ब्याजदर घट्दै गएको बताए । "कसिलो मौद्रिक नीतिलाई खुकुलो बनाएपछि बैंकको ब्याजदर घट्दो छ भने लगानीको वातावरण पनि बन्दै गएको छ", उनले भने, "अर्थतन्त्र सकारात्मक लयमा रहेका कारण पुँजीबजार, घरजग्गाको कारोबार र पर्यटन व्यवसायले गति लिएको छ ।" उनले गत आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलन १० प्रतिशतले बढ्नु सन्तोषजनक रहेको पनि बताएका थिए ।

डा महतले न्यून बजेट विनियोजनमा बहुवर्षीय ठेक्का दिने चलनले बजेटरी प्रणालीमा समस्या सिर्जना गरेको उल्लेख गर्दै राजस्व मुलुक र जनताको प्राथमिकतामा मात्रै खर्च गरिनुपर्छ भन्ने मान्यता स्थापित गरेको बताए ।

उनले सरकारमा रहँदा सुशासन र मितव्ययितालाई ध्यानमा राख्दै काम गरेको उल्लेख गरे ।

उनले आगामी वैशाखमा हुने लागानी सम्मेलनमा धेरै लागानीकर्ता लगानी गर्न तयार रहेको बताउँदै उक्त सम्मेलनमार्फत धेरैभन्दा धेरै वैदेशिक लगानी भित्र्याउने गरी आफूले काम गरेको दाबी गरे । पुँजीगत खर्चको प्रभावकारिता बढाउन, बजेट प्रणालीमा सुधार ल्याउन, रु तीन करोडभन्दा कम बजेटका आयोजना प्रदेश र स्थानीय तहले नै गर्न दिने गरी काम गरिरहेका थियौँ भन्दै डा महतले वैदेशिक लगानी भित्र्याउन कानुन परिमार्जनको काम अगाडि बढाएको उल्लेख गरे ।

अर्को एक फरक प्रसङ्गमा उनले नेपाली कांग्रेस तत्कालीन सत्तागठबन्धनकै पक्षमा रहेको र कांग्रेसको महासमिति बैठकले पनि सोही गठबन्धनलाई निरन्तरता दिने नै निर्णय गरेको प्रतिक्रिया दिए ।

# एसियाली विकास बैंकका देशीय निर्देशकद्वारा अर्थमन्त्री पुनसँग शिष्टाचार भेट

टुडे समाचारदाता

काठमाण्डु । एसियाली विकास बैंक (एडिबी) को नेपालका लागि देशीय निर्देशक आर्नो कोशवाले अर्थमन्त्री वर्षमान पुनसँग शिष्टाचार भेट गरेका छन् ।



अर्थ मन्त्रालयमा मंगलबार भएको भेटमा द्विपक्षीय साझेदारी मजबुत बनाउने र सम्भावित आयोजनामा लगानीका लागि थप सहकार्य गर्ने विषयमा छलफल भएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ । भेटका क्रममा निर्देशक कोशवाले एडिबीको लगानीमा निर्माण भएर पहिरोका कारण क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजनाको सुरुङको पुन : डिजाइनको काम अन्तिम चरणमा रहेको जानकारी दिए ।

विश्व बैंकसँगको वित्तीय साझेदारीमा एडिबीले निर्माण गर्न चाहेको जलासययुक्त दूधकोशी जलविद्युत् आयोजना र माथिल्लो अरुण जलविद्युत् आयोजनाको काम चाँडै सुरु हुने विश्वास पनि उनले व्यक्त गरे ।

जवाफमा अर्थमन्त्री पुनले प्रमुख विकास साझेदार एडिबीले नेपालका महत्वपूर्ण विकास आयोजनामा गरेको सहयोगका लागि धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत समझदारीपूर्ण सहकार्य हुने आशा व्यक्त गरे । दूधकोशी र माथिल्लो अरुण जलविद्युत् आयोजनाको काम सकेसम्म छिटो अघि बढाउने प्रतिबद्धता पनि उनले जनाए ।

नेपालका दुई ठूला विकास साझेदार विश्व बैंक र एसियाली विकास बैंकले एकै आयोजनामा लगानी साझेदारी गर्न गइरहेकोमा पनि अर्थमन्त्री पुनले खुसी व्यक्त गरे । "दूधकोशी जलाशययुक्त र माथिल्लो अरुण नदी प्रवाहमा आधारित ठूला आयोजनामध्येका हुन् । म ऊर्जामन्त्री छँदा सुरु भएका यी आयोजनालाई प्राथमिकतामा राखेकामा एडिबीलाई धन्यवाद दिन चाहन्छु", अर्थमन्त्री पुनले भने ।

नेपालमा विकास बजेट कम खर्च हुने समस्या रहेको उल्लेख गर्दै अर्थमन्त्री पुनले त्यसमा सुधार गर्न क्षमता अभिवृद्धि र जनशक्ति विकासमा कार्ययोजना बनाएर काम गर्न लागेको जानकारी दिनुभयो ।

युवा वर्ग लक्षित रोजगारीका कार्यक्रम ल्याउने तथा निजी क्षेत्र र आमजनतामा आशा जगाउने गरी काम गर्ने आशा पनि उनले व्यक्त गरे । अर्थमन्त्री पुनले नेपालमा लगानी बढाउन पनि एडिबीलाई आग्रह गरेका छन् ।

# पूर्व प्रदेश प्रमुख यादवको निधन



**टुडे समाचारदाता**

लहान । लुम्बिनी प्रदेशका पूर्व प्रदेश प्रमुख धर्मनाथ प्रसाद यादवको मंगलबार निधन भएको छ ।

सिरहा गोलबजार नगरपालिका-६ स्थित खरहीटोल बस्ने यादव २०७६ साल कार्तिक १८ गते लुम्बिनी प्रदेश प्रमुखमा नियुक्त भएका थिए । यादवको ८० वर्षको उमेरमा निवासमै निधन भएको नेकपा एमालेले जनाएको छ ।

यादव पछिल्लो समयमा पक्षघातले च्यापेपछि ओछ्यान परेका थिए । नेकपा (एमाले) पोलिटब्युरो सदस्य तथा सिरहा-३ का संघीय सांसद लिलानाथ श्रेष्ठले दिएको जानकारी अनुसार उनको निवासमै निधन भएको छ ।

उनी २०१६ सालमा कम्युनिस्ट पार्टीको सदस्यता लिएर अविछिन्न रूपमा पार्टीको काम गर्दै आएका थिए । पेसाले शिक्षक यादव २०४६ सालपछि शिक्षक पेसा छाडेर राजनीतिमा लागेका थिए । २०४८ र २०५१ मा तत्कालीन सिरहा-३ बाट प्रतिनिधि सभाका लागि नेकपा (एमाले)बाट उम्मेदवार बनेका थिए ।

राजनीतिमा लागेर आफ्नो सम्पत्ति र जागिरसमेत गुमाएका यादवको अन्तिम संस्कार सुखीपुर नगरपालिका -६ खरहीटोलमा हुने एमाले सिरहाले जनाएको छ । २०३७ सालमा उनलाई तीन महिना जेल समेत बस्नु परेको थियो ।

# प्रधानमन्त्री कार्यालयका सचिव अर्याललाई गृह मन्त्रालयमा सरुवा

टुडे समाचारदाता

काठमाण्डु । सरकारले २०८१ वैशाख २० देखि २३ गतेसम्म जर्जियाको तिबिलिसीमा आयोजना हुने एसियाली विकास बैंकको ५७औँ वार्षिक बैठकमा सहभागी हुन अर्थमन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई अनुमति दिने निर्णय गरेको छ ।



यही फागुन २८ गते बसेको मन्त्रिपरिषद्को बैठकले गरेका निर्णय सार्वजनिक गर्न मंगलबार आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री एवम् नेपाल सरकारका प्रवक्ता रेखा शर्माले कालीगण्डकी रिडी १३२ केभी प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्न क्षतिपूर्ति निर्धारण समितिको अध्यक्ष र सदस्य तोक्ने निर्णय भएको जानकारी दिईन् ।

प्रवक्ता शर्माले भनिन्, "गणतन्त्र कोरियामा आगामी चैत २८ गते हुन गइरहेको २२ औँ नेशनल एसेम्बली इलेक्सनको पर्यवेक्षकमा निर्वाचन आयोग, नेपालका निर्वाचन आयुक्त सगनु शमशेर जबरालाई सहभागी हुन अनमुति प्रदान गर्ने निर्णय भएको छ ।"

सरकारले संयुक्त राष्ट्र सङ्घ मानवअधिकार परिषद्को सन् २०१७-२०२९ तथा सामाजिक तथा आर्थिक परिषद्को सन् २०२९-२०३१ अवधिका लागि सदस्य पदमा नेपालको उम्मेदवारी पेश गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिने र नेपाल सरकारको नाममा दर्ता रहेको हुम्लाको जग्गा नाम्खा गाउँपालिकाको १५ शैयाको आधारभूत अस्पताल भवन निर्माण तथा प्रशासकीय भवन निर्माणका लागि उपभोग गर्न स्वीकृति दिने समेत निर्णय गरेको प्रवक्ता शर्माले जानकारी दिईन् ।

यस्तै अपर मादी जिरो खोला जलविद्युत् आयोजना (४२ मेवा) निर्माणका लागि अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गतको मादी गाउँपालिकामा रहेको राष्ट्रिय वनको कूल १६ दशमलव ९३ हेक्टर जग्गा प्रयोग गर्न दिने र खानी खोला-१ जलविद्युत् आयोजनाले प्रयोग गरेको सरकारी वनक्षेत्र बराबरको जग्गा गौरीशङ्कर संरक्षण क्षेत्रको आसपासमा खरिद गरी विभागको नाममा रजिष्ट्रेशन पास गर्ने प्रयोगका लागि सट्टा भर्ना गर्ने समयावधि ६ महिना थप गर्न समेत स्वीकृति दिने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ ।

त्यसैगरी मन्त्रिपरिषद् बैठकले हवाई यातायात सेवा सञ्चालन संस्थाको दायित्व तथा बीमा व्यवस्थापन गर्ने विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने, विभिन्न सेवा समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका तीन कर्मचारीलाई सम्बन्धित सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा गर्ने तथा दुई सहसचिवको सरुवा गर्ने पनि निर्णय गरेको सरकारका प्रवक्ता शर्माले बताईन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव एकनारायण अर्याललाई गृह मन्त्रालयको सचिव पदमा र गृह मन्त्रालयका सचिव दिनेश भट्टराईलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा सरुवा गर्ने निर्णय गरिएको मन्त्री शर्माले जानकारी दिईन् ।

# लोकतन्त्रको विशेषतालाई अगाडि बढाउनुपर्छ : कोइराला



टुडे समाचारदाता

मोरङ । मुलुकमा प्रजातन्त्र स्थापनामा महत्वपूर्ण भूमिका खेलेको गुराँस पुस्तकालय बरगाछी विराटनगरले आफ्नो ५४औँ स्थापाना दिवसको उपलक्ष्यमा सामाजिक तथा राजनीतिक क्षेत्रका दुई जना व्यक्तित्वलाई मंगलाबर सम्मान गरेको छ ।

'स्व. मुक्तिप्रसाद यदुनाथ चापागाईं' सम्मानबाट राजनीतिक क्षेत्रमा पीताम्बर दाहाल र सामाजिक क्षेत्रमा उद्योगपति दीनबन्धु गोयललाई नगद र सम्मानपत्रद्धारा पुरस्कृत गरिएको हो । यस्तै साहित्यकार दधिराज सुवेदीलाई कदरपत्र र कक्षा आठमा उत्कृष्ट अङ्क ल्याउने द्रोण डाँगी र सलिना राजवंशीलाई नगद पुरस्कारबाट पुरस्कृत गरिएको छ । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले सम्मानपत्र वितरण गर्दै लोकतन्त्रको विशेषतालाई अगाडि बढाउने जिम्मेवारीका साथ लाग्नु आवश्यक रहेको बताए । उनले विकृति, विसङ्गतिलाई चिरेर अगाडि बढी लोकतन्त्रलाई सुदृढ गर्नुपर्नेमा जोड दिए ।

उनले राजनीतिमा संस्कार र नैतिकता आवश्यक रहेको चर्चा गर्दै वर्तमान अवस्थामा यसमा खडेरी परेको गुनासो गरे । सम्मानित व्यक्तित्वहरु गोयल, दाहाल, सुवेदी, कांग्रेस नगर सभापति दीपक चापागाईं, पुस्तकालयका अध्यक्ष सुनिल पाण्डे, लक्ष्मी पोखरेलले प्रजातन्त्र, लोकतन्त्र एवं सामाजिक क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेलाई पुस्तकालयले सम्मान गर्ने गरेको जानकारी दिए ।

# छ महिनाको परिक्रमापछि चार अन्तरिक्ष यात्री फर्किए पृथ्वीमा



**एपी**

केप क्यानाभरल । अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा आधा वर्षको मिसन समाप्त गरेर चार मुलुकका चार अन्तरिक्ष यात्री मङ्गलबार स्पेसएक्ससँग पृथ्वी फर्किएनुभएको छ।


उहाँहरूको क्याप्सुल बिहानको अँध्यारोमा सम्पूर्ण अमेरिकाभर फैलियो र फ्लोरिडाको पेनह्यान्डल नजिकै मेक्सिको खाडीमा खस्यो।

नासाका सामुद्रिक हेलिकप्टर पाइलट ज्यास्मिन मोघबेलीले डेनमार्कका एन्ड्रियास मोगेन्सन, जापानका सातोशी फुरुकावा र रुसका कन्स्टेन्टिन बोरिसोभको फिर्ती टोलीको नेतृत्व गर्नुभएको थियो । उहाँहरू गत अगस्टमा अन्तरिक्ष स्टेसनमा जानुभएको थियो । उहाँहरूलाई प्रतिस्थापन गर्नेहरू गत साता उहाँहरूकै आफ्नो स्पेसएक्स क्याप्सुलमा आउनुभएको छ।

मोघबेलीले सोमबार परिक्रमा परिसरबाट प्रस्थान गरेपछि रेडियोमा भन्नुभयो, "हामीले तपाईंहरूका लागि बदामको केही बटर र टर्टिला छाडेका छौँ ।" नासाका लोरल ओ'हाराले जवाफ दिनुभयो, "म तपाईंलाई पहिलादेखि नै सम्झन्छु र उदार उपहारका लागि धन्यवाद।"

रुसी सोयुज क्याप्सुलमा सवार हुनुअघि ओ'हारासँग अन्तरिक्ष स्टेसनमा अझै केही साता छन् । अन्तरिक्ष स्टेसन छाड्नुअघि मोगेन्सनले सामाजिक सञ्जाल एक्समा भन्नुभयो, "रुखहरूमा चराहरूको गीत सुन्नका लागि प्रतीक्षा गर्न सक्तिनँ र कुरकुरे भोजन खाने पनि इच्छा छ ।"रकेटमा गडबडीको अवस्थामा नासाले धेरै विकल्पलाई प्राथमिकता दिन्छ । बोइङले मेको प्रारम्भमा दुई-पाइलट परीक्षण उडानसहित अन्तरिक्ष यात्री ट्याक्सी प्रदान गर्न सुरु गर्नुपर्छ।

# हइटीका प्रधानमन्त्रीले राजीनामा दिदै



**सिन्ह्वा**

मेक्सिको सिटी । हइटीका प्रधानमन्त्री एरियल हेनरीले सङ्क्रमणकालीन राष्ट्रपति परिषद् गठन भएपछि आफूले राजीनामा दिने घोषणा गर्नु भएको छ।

"मैले नेतृत्व गरिरहेको सरकारले (सङ्क्रमण) परिषद्को स्थापनापछि तुरुन्तै राजीनामा दिनेछ । म सबै हइटीबासीलाई शान्ति र स्थायित्वका लागि संयमित रहन आग्रह गर्दछु" हेनरीले भिडियो सम्बोधनमा भन्नु भएको छ।

क्यारिबियन समुदायका क्षेत्रीय नेताहरूले सोमबार जमैकामा राजनीतिक सङ्क्रमणको व्यवस्थापन ढाँचामा छलफल गर्न र स्थानीय बासिन्दाहरूलाई तत्काल मानवीय सहायता प्रदान गर्नका लागि आपत्कालीन शिखर सम्मेलन आयोजना गरेका छन् । सन् २०२१ जुलाई ७ मा हइटीका तत्कालीन राष्ट्रपति जोभेनेल मोइसको हत्या भएपछि त्यहाँ राजनीतिक अस्थिरता बढेको छ।

हइटीमा यस वर्षको फेब्रुअरी ७ अघि निर्वाचन हुने भनिएको थियो तर हुन सकेन जसले सामाजिक अशान्ति र राजनीतिक अस्थिरता निम्त्याइरहेको छ।

फेब्रुअरीको अन्त्यदेखि हइटीका थुप्रै गिरोह सङ्गठनहरूले प्रधानमन्त्रीको राजीनामाको माग गर्दै राजधानी, पोर्ट-ओ-प्रिन्स, प्रहरी चौकी, प्रहरी प्रतिष्ठान र अन्तरराष्ट्रिय विमानस्थललगायत सार्वजनिक निकाय र क्षेत्रमा आक्रमणलाई तीव्रता दिएका छन्।

# इशारामा फुटबल खेल्दै सुस्त:श्रवण भएकाहरु

**टुडे समाचारदाता**

अन्नपूर्ण । सुस्तःश्रवण भएका (बहिरा खेलाडी) कसरी फुटबल खेल्न सक्छन् ? धेरैलाई उत्सुकता लाग्ने विषय हो । उनीहरु मज्जासँग फुटबल खेल्छन् । उनीहरुका लागि कुनै विशेष मैदान हुँदैनन् । सामान्य खेलाडी खेल्ने मैदानमा ती खेलाडी खेलिरहन्छन् ।

बहिरा खेलाडीहरु इशाराको भरमा फुटबल खेल्छन् । उनीहरुका लागि सङ्केत नै काफी हुन्छ । बोल्न नसक्ने र कानले पनि नसुन्ने भएकाले उनीहरुका लागि इशारा बेग्लै हुन्छ । निर्णायक भूमिकाका लागि 'रेफ्री' पनि मैदानमा तैनाथी हुन्छन् । रेफ्रीको एउटा हातमा रातो र अर्को हातमा हरियो झन्डा हुन्छ ।

खेलाडीले गल्ती गरे रेफ्रीले सिटी बजाउँदैनन्, मात्र रातो झन्डा हल्लाउँछन् । अनि बल चलाउनका लागि हरियो झन्डाले इशारा दिन्छन् । प्रशिक्षकले इशाराले सिकाउँछन् । इशाराकै भरमा खेलाडीले आपसमा बल माग्छन्। गोल हुँदा दर्शकले हुटिङ गर्नुको सट्टा दुवै हातमाथि माथि उठाएर औँला फिजाएर खुसियाली साट्छन् ।

'बुझ्नेलाई इशारा काफी छ' भनेझैँ उनीहरुका लागि भाषाको सञ्चार हातको हाउभाउ हो । बागमती बहिरा महिला फुटबल टोलीकी कप्तान कोपिला गुरुङले आफूहरु यसरी नै फुटबल खेल्ने गरेको बताउछन् । कोपिला गत शुक्रबार अन्तरराष्ट्रिय श्रमिक महिला दिवस मार्च ८ का दिन बहिरा फुटबल खेल क्लब पोखराले आयोजना गरेका बहिरा महिला फुटबल प्रतियोगिता खेल्न पोखरा आउनुभएको थियो । उनको टोली पोखरामा प्रथम भएको थियो ।



नक्साल बहिरा माविमा अध्ययनरत कोपिला बोल्न र सुन्न नसके पनि इशाराको भरमा सामान्य मानिसले जस्तै गरी फुटबल खेल्न सक्ने बताउछन् । "हामी बोल्न र सुन्न नसके पनि सङ्केतको भरमा फुटबल खेल्न सक्छौँ, कुरा यति हो कि हाम्रा लागि पनि सरकारले केही सोचिदिनुपर्छ", दोभासेमार्फत कप्तान कोपिलाले भन्नुभयो, "मेरो लक्ष्य भनेको हाम्रो क्षेत्रबाट नेपाल राम्रो खेलेर विदेश गएर खेल्ने रहर छ।"

पोखरामा फुटबल खेल्न आएकी कञ्चनपुरकी बहिरा महिला फुटबल खेलाडी शर्मिला चौधरीको पनि चर्चित फुटबल खेलाडी बन्ने लक्ष्य रहेको छ । उनी सुदूरपश्चिम महिला बहिरा फुटबल टोलीको कप्तान छन् ।

दक्षिणकाली बहिरा आवासीय माध्यामिक विद्यालयमा कक्षा ७ मा अध्ययनरत कप्तान शर्मिलाले बहिरा खेलाडीले उचित अवसर र तालिम पाए अन्तरराष्ट्रियस्तरमै प्रतिस्पर्धा गर्न सक्ने बताए । दोभासेमार्फत शर्मिलाले भने, "हामीहरुका लागि उचित अवसरसँगै तालिम हुने हो भने हामी पनि अरू जस्तै अन्तरराष्ट्रिय प्रतियोगिता खेल्न सक्छौँ ।"

रेफ्री कवीरमान गुरुङले अन्य प्रतियोगिता खेलाउँदाभन्दा केही फरक अनुभूति भएको बताए। बहिरा खेलाडीलाई खेलाउँदा सिटी फुक्नुको सट्टा झन्डा हल्लाउनुपर्नेबाहेक सबै नियम समान भएको उनले बताए। "अरू खेलभन्दा बहिरा खेलाडीलाई खेलाउँदा केही फरक छ हुने नै भयो तर उहाँहरु मज्जासँग खेल्न सक्छन्", रेफ्री कवीरमानले भने, "उनको खेल हेर्दा राम्रो प्रशिक्षण पाउने हो भने सुन्ने व्यक्तिसँग प्रतिस्पर्धा गर्न सक्छन् ।"

बहिरा खेलाडीहरु पनि खेल्नका लागि सक्षम छ भन्ने सोचेर राज्यले लगानी गर्नुपर्ने दाभासेमार्फत बहिरा फुटबल खेल क्लब पोखराका सहसचिव सूर्यमोहन बरालले बताए । बहिराहरुको पहिलो भाषा साङ्केतिक भाषा भएकाले राज्यले दोभासे उत्पादनमा जोड दिनुपर्ने उनको भनाइ छ।

क्लबले यसभन्दा अघि बहिरा पुरुषको बीचमा प्रीतियोगिता गर्दै आएको बताउँदै क्लबका सहसचिव बरालले यस वर्षदेखि महिलाका लागि पनि अवसर दिइएको बताए। उनले बहिरा महिलाले पनि राम्रोसँग खेलेकाले आगामी वर्ष पनि बहिरा महिला फुटबलको आयोजना गर्ने प्रतिबद्धता जनाए।

कोशी, बागमती, सुदूरश्चिम र गण्डकी प्रदेशका दुई गरी पाँच टोलीको सहभागिता रहेको बहिरा महिला फुटबल प्रतियोगितामा बागमती प्रदेश च्याम्पियन बनेको थियो । पोखरा रङ्गशालामा भएको फाइनलमा सुदूरपश्चिम प्रदेशलाई 'टाइब्रेकर'मा २-० गोलअन्तरले पराजित गर्दै बागमतीले उपाधि जितेको हो। निर्धारित समयमा खेल बराबरीमा सकिएपछि खेलको टुङ्गो टाइब्रेकरबाट लागेको थियो ।उपाधि जितेको बागमतीले ट्रफीसहित रु ५० हजार, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । उपविजेता भएको सुदूरपश्चिमले रु ३० हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो।

# त्रिकोणात्मक टि-२०मा पपुवा न्युगिनीलाई हराउँदै नेपाल फाइनलमा

**टुडे समाचारदाता**

काठमाण्डु । त्रिकोणात्मक अन्तर्राष्ट्रिय टि-२० शृंखलाको दोस्रो खेलमा नेपालले पपुवा न्युगिनीलाई पराजित गर्दै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

हङकङको मोङकोकस्थित मिसन रोड क्रिकेट मैदानमा मंगलबार भएको खेलमा नेपालले पपुवा न्युगिनीलाई ८५ रनले पाखा लगाउँदै प्रतियोगिताको फाइनलमा पुगेको हो । जितसँगै नेपालले दुई खेलमा तीन अङ्क जोडेको छ । यसअघि भएको नेपाल र हङकङबीचको पहिलो खेल वर्षाका कारण रद्द भएको थियो।

नेपालले प्रस्तुत गरेको एक सय ९९ रनको लक्ष्य पछ्याएको पपुवा न्युगिनी १६ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय १३ रनमा समेटियो। पपुवा न्युगिनीका लागि हिरी हिरीले सर्वाधिक २८ रनको योगदान दिए । त्यस्तै सेसे बाउले २१, टोनी उराले १३ र नसैना पोकनाले १२ रन बनाए।



नेपालका लागि कुशल भुर्तेलले चार विकेट लिए भने प्रतिश जिसीले दुई विकेट झारे। त्यस्तै आकाश चन्द र गुल्सन झाले समान एक-एक विकेट लिए ।त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै एक सय ९८ रन बनाएको थियो । नेपालका लागि कुशल भूर्तेलले ३९ बलमा चार चौका र चार छक्काको मद्दतले सर्वाधिक ५९ रनको योगदान दिएर नेपालको प्रतिष्ठा बढाएका हुन्।

यसैगरी, सन्दीप जोराले २६ बलमा चार छक्का र तीन छक्काको मद्दतले ५६ रन बनाए भने विनोद भण्डारीले २७ रन जोडे । विवेक यादवले १९, गुल्सन झाले १५ तथा लोकेश बमले १४ रन बनाए । पपुवा न्युगिनीका लागि कप्तान असाद भालाले दुई विकेट लिँदा नसैना पोकना, जोन कारिको र नोर्मन भानुआले समान एक-एक विकेट लिएका थिए।

# त्रिकोणात्मक शृंखलाको फाइनलमा नेपाल र पपुवा न्युगिनी भिड्ने

**टुडे समाचारदाता**

काठमाण्डु । त्रिकोणात्मक अन्तर्राष्ट्रिय टी-२० शृंखलाअन्तर्गत मंगलबार भएको दोस्रो खेलमा पपुवा न्युगिनीले हङकङलाई पराजित गर्दै फाइनलमा नेपालसँगको भेट पक्का गरेको छ । आजै भएको पहिलो खेलमा पपुवा न्युगिनीलाई ८५ रनले हराउँदै नेपाल फाइनलमा पुगेको थियो। हङकङको मोङकोकस्थित मिसन रोड क्रिकेट मैदान भएको दोस्रो खेलमा पपुवा न्युगिनीले घरेलु टोली हङकङलाई १० विकेटले पराजित गऱ्यो । जितसँगै पपुवा न्युगिनीले दुई खेलमा दुई अङ्क जोड्यो। हङकङ समान खेलबाट एक अङ्कका साथ फाइनल पुग्नबाट बञ्चित भयो। साथै दुई खेल खेलेको नेपालले तीन अङ्क जोडेको छ । यसअघि भएको नेपाल र हङकङबीचको पहिलो खेल वर्षाका कारण रद्ध भएको थियो। फाइनल खेल भोलि हुनेछ।

हङकङले जितका लागि दिएको एक सय २२ रनको लक्ष्य पपुवा न्युगिनीले १२ दशमलव चार ओभरमा कुनै विकेट नै नगुमाइ पूरा गऱ्यो । पपुवा न्युगिनीका लागि सेसे बाउले ४३ बलमा चौका छ चौका र एक छक्काको मद्दतमा अविजित ६१ रनको योगदान दिए । त्यसैगरी टोनी उराले ३३ बलमा पाँच चौका र दुई छक्काको मद्दतले अविजित ५१ रन बनाए।

टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हङकङले १८ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै एक सय २१ रनको योगफल बनाएको थियो । हङकङका लागि जिसन अलीले २९ बलमा छ चौका र एक छक्काको मद्दतले ५५ रन बनाए । नस्रुला राना र एहसान खानले समान १६/१६ रन जोडे भने बाबर हायतले १२ रन बनाए। पपुवा न्युगिनीका काबुआ मोरिया, अली नाओ, कप्तान असाद भाला र सेसे बाउले समान दुई /दुई विकेट लिए।

# अष्ट्रेलियाका प्रधानमन्त्रीद्वारा आदिवासी समुदायका लागि आवास योजना



**सिन्ह्वा**

क्यानबेरा । अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले आदिवासी समुदायका निम्ति नयाँ घर निर्माण गर्न अर्बौं डलरको नयाँ कोषको योजना घोषणा गर्नुभएको छ।

अल्बानीजले मङ्गलबार सङ्घीय र उत्तरी क्षेत्र (एनटी) सरकारबाट उत्तरी क्षेत्र भरिका दुर्गम समुदायका लागि आवास निर्माण गर्न चार अर्ब अष्ट्रेलियन डलर (२.६ अर्ब अमेरिकी डलर) को संयुक्त लगानी कोष घोषणा गर्नुभएको छ ।यस योजना अन्तर्गत सरकारले सन् २०१८ यता ७३ वटा दुर्गम क्षेत्रका समुदायका लागि ६५० वटा घर निर्माण गरेको छ । यही कार्यक्रमको निरन्तरता अन्तर्गत प्रत्येक वर्ष २७० वटा नयाँ घर निर्माण हुने अनुमान गरिएको छ।

"आजको घोषणाले दुर्गम समुदायको आवासको अवस्थामा सुधार ल्याउने र आदिवासी र गैर-आदिवासी अस्ट्रेलियालीबीचको खाडल कम गर्न मद्दत गर्नेछ," अल्बानीजले घोषणा कार्यक्रममा भन्नुभएको छ ।उक्त कोषमा आधाभन्दा बढी लगानी सङ्घीय सरकारबाट प्राप्त हुनेछ भने १२ करोड अस्ट्रेलियाली डलर एनटी सरकारको हुनेछ।

# पाकिस्तानको पञ्जाबमा आवासीय भवन भत्किँदा ९ जनाको मृत्यु

**सिन्ह्वा**

इस्लामाबाद । पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको मुल्तान शहरमा मङ्गलबार आवासीय भवन भत्किँदा कम्तीमा ९ जनाको मृत्यु भएको छ भने २ जना गम्भीर घाइते भएका छन् ।

उक्त तीनतले भवन मङ्गलबार बिहानै भत्केको जानकारी पाउँनासाथ उद्धार कार्यमा जुटेको उद्धार कार्यको नेतृत्व गरिरहेका मुल्तानका जिल्ला आपतकालीन अधिकारी कलीम उल्लाहले सिन्ह्वालाई बताउँनु भएको छ ।घाइतेहरूलाई स्थानीय अस्पतालमा लगिएको उहाँले जानकारी दिनु भएको छ ।मृत्यु हुनेमा एकै परिवारका ७ जना रहेको उल्लाहले बताउँनु भएको छ । भवन भत्किनुको कारणबारे अनुसन्धान शुरु गरिएको छ।

# हिजबुल्लाह लडाकुद्वारा उत्तरी इजरायलतर्फ १०० वटा रकेट प्रहार

**सिन्ह्वा**

जेरुसेलम । हिजबुल्लाह लडाकुहरूले मङ्गलबार बिहान उत्तरी इजरायलतर्फ लेबनानमा करिब १०० वटा रकेट प्रहार गरेका छन् । सो रकेट आक्रमणपछि इजरायली पक्षले त्यसको जवाफमा हवाइ प्रत्याक्रमण गरेको इजरायली स्रोतले जनाएको छ।

इजरायल डिफेन्स फोर्स (आईडीएफ) का अनुसार रकेटहरू माथिल्लो ग्यालिली क्षेत्र र इजरायलले कब्जा गरेको गोलान हाइट्समा प्रहार गरिएको थियो तर हवाइ प्रतिरक्षा प्रणालीले ती रकेटलाई रोकेको छ ।इजरायल डिफेन्स फोर्सले आफ्ना लडाकु



विमानहरूले बिहान रकेट प्रहार गर्न प्रयोग हुने ३ वटा लन्चरहरूलाई रोकेको बताएको छ ।बेरुतबाट करिब ४५ किलोमिटर पूर्वमा रहेको लेबनानको बेका उपत्यकामा इजरायली हवाइ आक्रमणको जवाफमा 'साल्भोस' आएको हो।

गोलान हाइट्स तर्फ हालै हिजबुल्लाह विमान हमलाहरूको बदला लिन हिजबुल्लाहको हवाई सेनासँग सम्बन्धित दुईवटा स्थानहरूलाई लक्षित गरी हवाई आक्रमण गरिएको थियो।इजरायल सीमाबाट करिब १०० किलोमिटर टाढा रहेको बेका उपत्यकालाई हिजबुल्लाहको गढ मानिन्छ।

# अमेरिकी प्रतिबन्धबाट भेनेजुएलालाई ७०० अर्ब अमेरिकी डलरको घाटा

**सिन्ह्वा**

काराकस । अमेरिकी प्रतिबन्धबाट भेनेजुएलालाई कुल गार्हस्थ उत्पादनमा झण्डै ७०० अर्ब अमेरिकी डलरको नोक्सानी भएको उपराष्ट्रपति डेल्सी रोड्रिग्वेजले सोमबार बताउँनु भएको छ।

प्रतिबन्धका कारण भेनेजुएलाको तेल उद्योगले करिब २३२ अर्ब डलरको नोक्सानी बेहोरेको छ। साथै अन्तरराष्ट्रिय बैंकहरूमा रहेको भेनेजुएलाको २२ अर्ब डलरभन्दा बढीको सम्पत्ति पनि रोक्का गरिएको उपराष्ट्रपतिले बोलिभियाली शहर सान्ता क्रुज डे ला सिएरामा आयोजित अन्तरराष्ट्रिय गोष्ठीमा उल्लेख गर्नु भएको छ।

सन् २०२३ अक्टोबरमा सरकार र भेनेजुएलाका विपक्षी दलहरू बीच भएको बार्बाडोस सम्झौतामा अमेरिकाले प्रतिबन्ध हटाउने सहमति भए तापनि पालाना नभएको उहाँको गुनासो छ । उक्त सम्झौताले 'जनरल लाइसेन्स ४४' का नामले चिनिने राहत भेनेजुएलालाई



उपलब्ध भएको भए तापनि राष्ट्रपति निकोलस मादुरोले विपक्षी दलबाट राष्ट्रपतिको उमेद्वारको दौडमा रहेका नेतालाई चुनाबमा अगाडि बढ्न प्रतिबन्ध लगाएपछि बाइडेन प्रशासनले भेनेजुएला माथि पुनः प्रतिबन्ध लगाएको थियो।

अमेरिकाको पछिल्लो कदम विपक्षी नेतालाई राष्ट्रपतिको उम्मेदवार हुनबाट प्रतिबन्ध लगाउने मादुरोको निर्णयको प्रतिक्रियामा आएको थियो।

उक्त गोष्ठीलाई सम्बोधन गर्दै उपराष्ट्रपति रोड्रिग्वेजले अमेरिकी एकपक्षीय नीतिहरूलाई ध्यानमा राख्दै अब ल्याटिन अमेरिकालाई "अनिवार्य रूपमा" नयाँ वित्तीय संरचना चाहिएको बताउँनु भएको छ। "यदि हामी नयाँ वित्तीय संरचनाको बारेमा सोच्न चाहन्छौं भने हामीले आफ्नै मुद्रामा व्यापार गर्नुपर्दछ," उहाँले भन्नु भयो।

# 'स्पञ्ज आइरन' र 'बिलेट'को भन्सार महसुल अध्ययन गर्न उपसमिति गठन



टुडे समाचारदाता

काठमाण्डु । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले 'स्पञ्ज आइरन' र 'बिलेट'को भन्सार महसुल एवं अन्तःशुल्कका बारेमा थप अध्ययन र उद्योगको अवलोकन गर्न उपसमिति गठन गरेको छ ।

> समितिको बैठकले नेपालमा सुर्ती, खैनी तथा गुट्खा उत्पादनको अवस्था र वार्षिक रूपमा हुने आयातको विवरण उपलब्ध गराउन निर्देशन दिएको छ ।

मंगलबारको प्रतिनिधिसभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सात सदस्यीय उपसमिति गठन गरेको हो ।

उपसमितिको सदस्यहरूमा कृष्णकुमार श्रेष्ठ, गणेश पराजुली, गीता बस्नेत, दुर्लभ थापा, रेखा यादव, लक्ष्मी महतो कोइरी र सूर्यमान तामाङ छन् । समितिको बैठकले नेपालमा सुर्ती, खैनी तथा गुट्खा उत्पादनको अवस्था र वार्षिक रूपमा हुने आयातको विवरण उपलब्ध गराउन निर्देशन दिएको छ ।

समितिका सभापति खानले भने, "सुर्ती, खैनी तथा गुट्खा उद्योगको पूँजी तथा क्षमता वृद्धिको स्वीकृतिका सम्बन्धमा छलफल भएको थियो । नेपालमा सञ्चालित विभिन्न किसिमका सुर्ती, खैनी तथा गुट्खा उद्योगको विवरण लिने, सुर्ती, खैनी तथा गुट्खा उत्पादनको अवस्थाबारे विवरण उपलब्ध गराउने, वार्षिक रूपमा हुने आयातको विवरण समितिलाई उपलब्ध गराउन निर्देशन दिने निर्णय गरेको छ ।"नेपाल कम्युनिष्ट पार्टी (एमाल)का सांसद लक्ष्मी महतो कोइरीले स्वास्थ्यमा प्रतिकूल असर पर्ने उद्योगमा लगानी गर्न नहुने बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद असिम साहले स्थानीय तहले सुर्ती, गुट्खाजन्य कुराको बन्द गर्ने तर सङ्घीय सरकारले उत्पादनको क्षमतामा वृद्धि गर्ने जस्ता निर्देशन दिने कुरा बाझिएको बताए ।नेपाली कांग्रेसका सांसद कान्तिका सेजुवालले नयाँ उद्योगलाई सुर्तीजन्य उत्पादनको क्षमता बढाउनुभन्दा जनकपुर चुरोट कारखाना पुनः सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

# स्वदेश फर्केर बाख्रापालन


टुडे समाचारदाता

गल्याङ । स्याङ्जाको गल्याङ नगरपालिका-६ पिर्डौंखोलास्थित सिस्नेरीका लालप्रसाद गुरुङले गाउँमा बाख्रापालक किसानको पहिचान बनाएका छन् । भारत, सिङ्गापुर, मलेसिया, कङ्गो, कुवेतलगायत देशमा १८ वर्ष रोजगार गरेर फर्किएपछि उनले गाउँमै बाख्रापालन व्यवसाय सुरु गरेका हुन् ।

परम्परागत रूपमा बाउबाजेले गरेको बाख्रापालनलाई विस्थापित गरेर आधुनिक बाख्रापालन गर्ने सोचसहित गुरुङले अढाई वर्षपहिले रु पाँच लाख लगानी गरेर कृष्टिना गुरुङ बोयर बाख्रा तथा कृषि पशुपक्षी फार्ममार्फत १२ बाख्राबाट व्यवसाय सुरु गरेका थिए । गुरुङले २०७८ सालमा म्याग्दीबाट रु एक लाख ५० हजार बोयर बाख्राको पाठो र चापकोटबाट रु एक लाख २० हजार बोयर माउ ल्याएर बाख्रापालन थालेको बताए । "बाख्रापान गर्दै जाँदा रु सात लाख लगानी गरेर आधुनिक खोर बनाएँ," उनले भने, "फार्ममा अहिले ५६ बाख्रा छन् ।" गुरुङको फार्म चरन क्षेत्र, घाँसे बारी, खोरसहित १५ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

"लामो समय विदेश बस्दा पनि खासै उपलब्धि हुन सकेन, अलिअलि कमाएको पैसाले बाख्रापालन गरेर परिवारसँग बस्छु भन्ने सोच थियो, युट्युब हेर्दै जाँदा नेपालमा बोयर बाख्राको राम्रो सम्भावना रहेको देखेँ", उनले भने, "हाम्रोजस्तो ठाउँमा सिधै बाहिरबाट ल्याएको शुद्ध बोयर राम्रो नहुने भएकाले खरी जातका बाख्रामा बोयर क्रस गरेर बाख्रा पाल्दै आएको छु ।" गुरुङले खोर निर्माण, घाँस रोपण, चरन क्षेत्र व्यवस्थापनलगायत संरचनामा अहिलेसम्म रु १८ लाख लगानी पुगेको सुनाए ।

उनले खरी जातका बाख्रामा बोयर क्रस गर्दै शुद्ध बोयर बनाउने लक्ष्यका साथ बाख्रापालन सुरु गरेको बताए । "हाल मेरो फार्ममा ७५ प्रतिशत, ६२ प्रतिशत र ५० प्रतिशतका बोयर बाख्रा रहेका छन्", उनले भने, "आगामी तीन वर्षमा शतप्रतिशत बोयर बाख्रा बनाउने उद्देश्य छ ।"गुरुङले कोरोनाकालमा लकडाउनले गर्दा बाख्रापालन व्यवसायलाई सोचेअनुसार गति दिन नसकेको गुनासो गरे । "स्वदेश फर्केर बाख्रापालन गर्छु भन्ने सोचले रकम जम्मा पारेको थिएँ", उनले भने, "स्वदेश फर्किएपछि लकडाउन भयो, सोचेजस्तो लगानी गर्न सकिएन, लगानीको अभावमा व्यवसाय विस्तारमा अल्लि ढिला भयो ।"



समस्या देखिने गरेको सुनाउँदै उनले हालसम्म विभिन्न रोगका कारण ४४ बाख्रा मरेको बताए । गुरुङले पशुपक्षीमा स्वास्थ्य समस्या आएमा गल्याङ नगरपालिकाको पशु स्वास्थ्य समूहले तत्काल सेवा दिँदा आफूलाई सहज भएको बताए ।

> जिल्ला पशु विज्ञबाट खोर सुधार कार्यक्रमअन्तर्गत रु एक लाख ५० हजार र नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रु ३३ हजार अनुदान दिएको उनले सुनाए । गाउँमा गरेको व्यवसाय फस्टाउँदै गएपछि गाउँलेहरु र विभिन्न सामाजिक व्यक्तित्वले व्यवसायलाई थप विस्तार तथा व्यवस्थित गराउन सुझाव दिने गरेको उनले बताए ।

अहिले व्यवसाय राम्रो हुँदै गएको उनले बताए । "उत्पादन गर्न सके बजार पनि राम्रो छ", गुरुङले भने, "प्रतिकिलो रु नौ सय ५० मा वालिङ बजारमै काटेको मासु बिक्री गर्दै आएको छु, उत्पादन कम भएकाले बाहिरको माग धान्न सकिरहेको छैन ।"खोर अग्लो भएका कारण जाडो मौसममा

जिल्ला पशु विज्ञबाट खोर सुधार कार्यक्रमअन्तर्गत रु एक लाख ५० हजार र नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रु ३३ हजार अनुदान दिएको उनले सुनाए । गाउँमा गरेको व्यवसाय फस्टाउँदै गएपछि गाउँलेहरू र विभिन्न सामाजिक व्यक्तित्वले व्यवसायलाई थप विस्तार तथा व्यवस्थित गराउन सुझाव दिने गरेको उनले बताए ।उनले चरन क्षेत्रको पनि राम्रो सुविधा भएको बताए । "बाख्रापालन गर्दा घाँसको व्यवस्थापन गरेर पाल्न सकियो भने उत्पादन लागत मूल्य घट्न जान्छ", गुरुङले भने, "मैले स्थानीय जातका घाँसबाहेक उन्नत जातका १२ प्रकारका घाँस लगाएको छु ।"

उनले करिब चार सय बोट सुन्तला पनि लगाएका छन् । उनीका सुन्तला बगैँचामा केहीले उत्पादन दिएका छभने केहीले निकट भविष्यमै उत्पादन दिने बताए । गुरुङ बिहान ४:३० देखि साँझ छ बजेसम्म नै बाख्राको स्याहारसुसार र रेखदेखमा खटिने गर्छन् । उनको कामलाई श्रीमती भीमकुमारी गुरुङले पनि राम्रो साथ दिँदै आएका छन् । उनीका एक छोरी पनि छन् ।

गुरुङलाई १८ वर्ष विदेश बसेकामा पछुतो छ । उनले विदेशको श्रम स्वदेशमा गर्ने हो भने विदेशभन्दा राम्रो कमाई गर्न सकिने अनुभव सुनाए । गुरुङले आफूले गर्ने कामको प्राविधिक ज्ञान लिएर निरन्तर काम गर्न सकेमा सफलता प्राप्त हुने विश्वास व्यक्त गरे । उनले कृषकलाई आधुनिक प्रविधिसहितका तालिमको व्यवस्था निरन्तर गरिदिन सरोकारवालासँग आग्रह गरे ।

# ३२ सय क्विन्टल जडीबुटी निकासी

टुडे समाचारदाता

भेरीगङ्गा । कर्णाली प्रदेशबाट गत आर्थिक वर्ष २०७९/८० मा ३२ हजार केजी जडीबुटी निकासी भएको छ । प्रदेश वन निर्देशनालयका अनुसार जडीबुटी निर्यातबाट रु दुई करोड ९४ लाख राजस्व सङ्कलन भएको छ ।

प्रदेशका हिमाली जिल्लाबाट धेरै जडीबुटी निर्यात हुने गरेको निर्देशक ललितकुमार कर्णले जानकारी दिए । "कर्णालीको हिमाली जिल्लामा पाइने यार्सागुम्बा, जटामसी, सिलाजितलगायतका जडीबुटी निर्यात भइरहेको छ", उनले भने, "कर्णालीमा ७९ प्रकारका विभिन्न बहुमूल्य जडीबुटी पाइन्छन्, यसको उचित प्रयोग अब आवश्यक छ ।"

जडीबुटीबाहेक वन क्षेत्रका काठ-दाउरा बिक्रीमार्फत पनि राजस्व आम्दानी हुने गरेको प्रदेश वन निर्देशनालयको तथ्याङ्क छ । कर्णालीमा पाइने जडीबुटीको उपयोग भने हुन नसकेको सरोकारवालाहरूले बताउँदै आएका छन् । औषधिजन्य जडीबुटीको प्रशोधन, अध्ययन तथा अनुसन्धान गरेर उत्पादित औषधिबाट बिरामीको उपचार गर्ने उद्देश्यले आयुर्वेद अस्पताल, आयुर्वेद स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालयहरू सञ्चालन गरेका छन् । तर दक्ष जनशक्ति, पूर्वाधारको अभाव र जीर्ण बन्दै गएको औषधि बनाउने मेसिन प्रयोग गर्दै प्रदेश आयुर्वेद अस्पताल तथा अनुसान्धन केन्द्रले सेवा दिँदै आएको छ ।

जडीबुटी बिक्री गरी आम्दानी गर्ने जिल्लामा सबैभन्दा अगाडि हुम्ला रहेको जनाइएको छ । उनले कर्णाली प्रदेशमा जडीबुटी सङ्कलन र भण्डार केन्द्र नहुँदा समस्या भएको बताए । निर्देशक कर्णले "यहाँ प्रशोधन गर्ने उद्योग छैन, हामीले यस्तो बहुमूल्य जडीबुटी सस्तोमा बेच्नुपर्ने बाध्यता छ । प्रशोधन उद्योग स्थापनाका लागि प्रदेश र केन्द्र सरकारले सोच्नुपर्छ ।" कर्णाली प्रदेशबाट निर्यात हुने जडीबुटीबाट मनग्य आम्दानी लिनेगरी नीति बन्न आवश्यक रहेको उनले औँल्याए ।

# चितवन निकुञ्जमा गैँडा स्थानान्तरण गरिँदै

टुडे समाचारदाता

चितवन । चितवन राष्ट्रिय निकुञ्जमा बुधबारदेखि गैँडा आन्तरिक स्थानान्तरण गरिने भएको छ । निकुञ्जको पश्चिमी क्षेत्रमा गैँडाको संख्या बढी भएपछि त्यहाँका केही गैँडा निकुञ्जकै पूर्वी क्षेत्रमा स्थानान्तरण गर्न लागिएको हो । केही वर्षअघि नै गैँडा आन्तरिक स्थानान्तरण गर्न अध्ययन गरिएको भए पनि स्थानान्तरण हुन सकेको थिएन ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनका अनुसार आन्तरिक स्थानान्तरणका लागि सबै तयारी पूरा भइसकेको छ । गैँडा आन्तरिक स्थानान्तरण कार्यदलको मंगलबार बैठक बसेर बुधबारदेखि काम सुरु गरिने उनले बताए । निकुञ्जकै हात्ती, प्राविधिक जनशक्ति, कर्मचारी, सुरक्षार्थ खटिएको सेनालगायत जनशक्ति प्रयोग गरेर गैँडा स्थानान्तरण गरिने उनको भनाइ छ । उनले भने, "अहिले हामीले सातवटा गैँडालाई आन्तरिक स्थानान्तरण गर्दैछौँ ।"

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गठन गरेको अध्ययन टोलीको प्रतिवेदनअनुसार गैँडा स्थानान्तरण गर्न लागिएको हो । आठ वर्षदेखि माथि र २० वर्षभन्दा मुनिका गैँडालाई स्थानान्तरण गरिने छ । बुधबार बिहान वनदेवीको पूजा गरेर गैँडा नियन्त्रणमा लिने काम सुरु गरिने छ । उनले थपे , "अहिले गैँडाको निगरानी गर्ने काम भइरहेको छ ।" गैँडा स्थानान्तरणका लागि दुई साता लाग्ने अनुमान गरिएको छ । उनले भने, "गैँडा स्थानान्तरणसँगै पश्चिम र पूर्वका गैँडाको बीचमा संसर्ग भएर प्रजननमा सहयोग पुग्ने अपेक्षा छ ।"




गैँडा स्थानान्तरणका लागि प्रमुख संरक्षण अधिकृतको नेतृत्वमा स्थलगत कार्यदल बनेको छ । गैँडा स्थानान्तरणका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ 'इकोलोजिस्ट' श्याम शाहको नेतृत्वमा प्राविधिक टोली निकुञ्ज आइसकेको छ ।

पुनका अनुसार विश्व वन्यजन्तु कोष, राष्ट्रिय प्रकृति संरक्षण कोष, जेडएसएलका प्रतिनिधिहरु निकुञ्जमा आइसकेका छन् । गैँडा निकुञ्जको पश्चिम क्षेत्रको भित्री 'कोर' क्षेत्रमा र नवलपुरबाट पूर्वी क्षेत्रको भित्री भागमा स्थानान्तरण गरिने छ । निकुञ्जबाहिर बस्तीमा आएर दुःख दिएका गैँडालाई स्थानान्तरणमा प्राथमिकता दिइने छ । स्थानान्तरण गर्दा भालेपोथीको रेसियो मिलाइने उनले जानकारी दिए ।

दुई वर्षअघि विभागले गैँडाको स्थानान्तरणका लागि उपमहानिर्देशक वेदकुमार ढकालको नेतृत्वमा अध्ययन टोली गठन गरी अध्ययन गरेको थियो । पछिल्लो गणनाअनुसार नेपालमा सात सय ५२ वटा गैँडा छन् जसमध्ये बर्दियामा ३८ र शुक्लाफाँटामा १७ वटा गैँडा छन् । चितवन राष्ट्रिय निकुञ्जमा छ सय ९४ गैँडा छन् भने पर्सा राष्ट्रिय निकुञ्जमा तीनवटा गैँडा छन् ।विसं २०७४ मा बाढीका कारण धेरै गैँडा बगेर भारत पुगेका थिए । केही गैँडा उद्धार गरी फिर्ता ल्याए पनि अरू केही ल्याउन सकिएको थिएन । त्यही समयमा पूर्वका गैँडा बगेर पश्चिम पुगेका थिए ।

एकै ठाउँमा धेरै गैँडा हुँदा प्राकृतिक कारणले मर्ने क्रम बढ्ने गर्दछ । घाँसेमैदान र पानीका स्रोत व्यवस्थापन गरी गैँडा पूर्वतर्फ लैजान लागिएको हो । निकुञ्जमा गैँडाको संख्या बढ्दै जाने तर बासस्थानको व्यवस्थापन संख्याका आधारमा गर्न नसक्दा समस्या देखिएको छ । वरिष्ठ इकोलोजिस्ट शाहले एकै ठाउँमा धेरै गैँडा भएकाले स्थानान्तरण गरी घनत्व मिलाउन लागिएको बताए । एकै स्थानमा धेरै गैँडा हुँदा बासस्थान व्यवस्थापनमा समस्या आउने र वृद्धि दरमा कमी आउने भएकाले स्थानान्तरण गर्न लागिएको उनले बताए ।

# जैमिनीको कृषि सडक स्तरोन्नति

टुडे समाचारदाता

गलकोट । जैमिनी नगरपालिकाको ठूलो क्षेत्र ओगट्ने कृषि सडकको स्तरोन्नति सुरु गरिएको छ । कृषि क्षेत्रको उत्पादनको बजारीकरणमा सहज होस् भन्ने उद्देश्यले सो सडक स्तरोन्नति सुरु गरिएको हो । राम्रो कृषि उत्पादन हुने भू-भाग जोडिएको सो सडकलाई 'कृषि सडक' नामकरण गरी स्तरोन्नति सुरु गरिएको जैमिनी नगरपालिकाले जनाएको छ । सो सडकखण्डले नगरपालिकाका छ वटा वडालाई समेटेको छ ।

कुश्मिसेरा, सकुर्वा, बिनामारे, अर्जेव, जैदी र छिस्ती समेटिएको ४३ किमि सडकलाई पक्की बनाउन बजेट विनियोजनका लागि सङ्घीय सरकारमार्फत दातृ निकायमा स्वीकृतिका लागि पठाइएको नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताए । सडक स्तरोन्नतिका लागि गतवर्ष घुम्ती सडक ढलान, नाली निर्माण, पहिरो व्यवस्थापन गरिएको थियो भने हाल सकुर्वाबाट अर्जेवातर्फ रु ३५ लाख बिनियोजन भइ स्तरोन्नति भइरहेको छ । साथै छिस्तीतर्फबाट रु ५५ लाख बजेट बिनियोजन भइ स्तरोन्नति भइरहेको छ ।



"स्थानीय पूर्वाधार विभागको बजेटबाट सकुर्वाबाट अर्जेवातर्फको सडक स्तरोन्नति भइरहेको छ, छिस्तीमा समेत सडक बोर्ड र जैमिनी नगरपालिकाको साझेदारीमा सडक मर्मत भइरहेको छ", उपप्रमुख शर्माले भने, "हाम्रै कार्यकालयमा ३४ किमि समेटिएको जैमिनीको मेरुदण्डको रुपमा रहेको कृषि सडक कालोपत्र गर्छौं, अहिले दातृनिकायको सहयोगमा उक्त सडक कालोपत्र गर्नका लागि स्वीकृतिको तयारीमा छ ।" उनले सो सडक कालोपत्र गर्न रु ५० करोड बजेट आवश्यक भएको बताए ।

कृषि सडकका कारण यहाँका किसान लाभान्वित भएको सर्कुवाका किसान बाबुराम पौडेल बताउछन् । यहाँका कृषि उत्पादनलाई बजारसँग जोड्न कृषि सडकले महत्वपूर्ण योगदान गरेको भन्दै उक्त सडक पक्की भए झनै सहज हुने पौडेलले धारणा राखे । "जैमिनी कृषिमा उर्भरभूमि हो, यहाँको सुन्तला, तरकारीलगायत अन्य कृषि उपजको बजारीकरणका लागि सडकले सहज बनाएको छ", उनले भने ।

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

टुडे समाचारदाता

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिएको छ । मंगलबार नेप्से परिसूचक ५८ दशमलव ५८ अङ्कले बढेर दुई हजार एक सय ११ दशमलव २४ अङ्कमा कायम भएको छ । करिब एक महिनापछि मंगलबार नेप्से परिसूचक दुई हजार एक सयको बिन्दु नाघेको छ ।

विभिन्न तीन सय पाँच कम्पनीका एक करोड छ लाख नौ हजार पाँच सय ९७ कित्ता शेयर ८२ हजार सात सय ४६ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ५५ करोड १६ लाख ३२ हजार तीन सय ४७ बराबरको कारोबार भएको छ ।

मंगलबारको कारोबारमा सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जीवन बीमा समूह पाँच दशमलव ४४, लघुवित्त समूह पाँच दशमलव ०५ र होटल तथा पर्यटन समूह तीन दशमलव ९३ प्रतिशतले बढेको छ । बैंकिङ तीन दशमलव १०, विकास बैंक दुई दशमलव १७, वित्त समूह दुई दशमलव २ ९, जलविद्युत् शून्य दशमलव ९९, लगानी समूह एक दशमलव ८७ र उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ३४ प्रतिशतले बढेको छ । म्युचुअल फन्ड एक दशमलव ५५, निर्जीवन बीमा तीन दशमलव १५, व्यापार एक दशमलव ६९ र अन्य समूह एक दशमलव ६४ प्रतिशतले बढेको छ ।

साथै पाँचवटा लघुवित्त कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड, विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड र जालपा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । हिमालयन ८०-२० को शेयर मूल्य सबैभन्दा धेरै दुई दशमलव ५७ प्रतिशतले घटेको छ ।कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा मंगलबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु ३७ करोड १९ लाख ३३ हजार सात सय ८६ बराबरको छ लाख ७३ हजार सात सय छ कित्ता किनबेच भएको छ ।

# कफीखेती विस्तार हुँदै

टुडे समाचारदाता

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को बौदीकाली गाउँपालिकाका कमला गुरुङले चार वर्षदेखि कफीखेती गर्दै आएका छन् । व्यावसायिक रूपमा आफ्नै पाखापखेरामा करिब तीन सय कफीका बिरुवा लगाएका उनी राम्रो आम्दानी गर्न सफल भएका छन् । विगतको भन्दा यस वर्ष कफीखेती राम्रो रहेकाले यस वर्ष आम्दानी पनि बढ्ने अनुमान गरेको गुरुङले बताए ।

"पहाडी क्षेत्रमा कफीखेती राम्रो हुन्छ भन्ने सुनेका थियौँ, पछि थोरै संख्यामा बिरुवा लगाएर विचार गर्दा राम्रो उत्पादन भएपछि अहिले यसैलाई व्यावसायिक रूप दिएका छौँ," उनले भने । जिल्लाकै हुप्सेकोट गाउँपालिकाका तुलीसरा राना मगरले पनि दुई सय कफीका बिरुवासहित कफीखेती गर्नुभएको छ । पहाडी क्षेत्रको त्यो पनि चिसो ठाउँमा कफी लगाउन सकिने र कफीबाट मनग्य आम्दानी समेत लिन सफल भएपछि आगामी वर्ष आफूले कफी खेती विस्तार गर्ने योजना रहेको उनको भनाइ छ ।



"कफीखेती विस्तार हुने क्रम बढ्दो छ, यसको बजार राम्रो भएकाले अन्य छिमेकी पनि यसका बारेमा सोधखोज गर्न थालेका छन्", उनले भने, "अहिले गरिरहेको क्षेत्रलाई विस्तार गरी काम गर्ने सोच बनाएका छौँ ।" नवलपरासी (बर्दघाट सुस्तापूर्व)को पहाडी भेगका गाउँमा कमला र तुलीसरा जस्तै कफीखेती गर्ने किसान बढ्दै गएका छन् । सामान्य कफीखेतीबाट सुरु गरेका किसानले अहिले व्यावसायिक रूपमा खेती गर्न थालेका छन् । यसको उत्पादनसमेत राम्रो हुँदै गएकाले कफीखेतीतर्फ दिनप्रतिदिन आकर्षित बन्दै गएको किसान बताउँछन् ।

जिल्लाको हुप्सेकोट, बुलिङटार र बौदीकाली गाउँपालिकामा अहिले किसान कफीखेतीतर्फ आकर्षित हुन थालेको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए । "जिल्लामा करिब पाँच सय किसानले ११ हेक्टरमा व्यावसायिक कफीखेती गर्दै आएको तथ्याङ्क छ", उनले भने, "यहाँ प्रतिहेक्टर शून्य दशमलव आठ मेट्रिकटन कफी उत्पादन हुने गरेको छ ।"

कफीखेती प्रवर्द्धनका लागि सरकारले विभिन्न सहुलियतका कार्यक्रमसहित निर्यात प्रवर्द्धन गर्ने योजना अगाडि बढाएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव भक्तराज जोशीले बताए । राष्ट्रिय चिया तथा कफी विकास बोर्डकाले स्थानीय तहसँग सहयोग र समन्वयका साथ उत्पादन अभिवृद्धिका कार्यक्रम अगाडि बढाउन आवश्यक रहेको उपसचिव जोशीले सुझाव दिए ।

"स्थानीय तहसँग सहकार्य गर्दा नेपाली कफीको उत्पादन बढाउन सहज हुने देखिन्छ", उनले भने, "पहाडी गाउँमा कफीखेतीतर्फ किसानको आकर्षण बढ्दो छ ।" नेपालमा ४२ जिल्लामा करिब तीन हजार छ सय ५५ हेक्टरमा कफीखेती हुने गरेको छ । आर्थिक वर्ष २०७९/८० मा नेपालमा कफीको उत्पादन करिब तीन सय ९४ मेट्रिकटन रहेको सरकारी तथ्याङ्क रहेको छ । सोही आर्थिक वर्षमा नेपालले रु १३ करोड चार लाख ४१ हजार मूल्य बराबरको ७७ मेट्रिकटन कफी निर्यात गर्दा रु ३२ करोड ५८ लाख ६६ हजार मूल्य बराबरको चार सय ५० मेट्रिकटन कफी आयात गरेको थियो ।

जनकपुर टुडे



# दिदीको प्रेरणाले अघि बढेको शिरिष ठाकुरको संगीत यात्रा

**टुडे समाचारदाता**

जनकपुरधाम । सम्बन्ध पनि बरो अचम्मको हुन्छ । सम्बन्धले मानिसलाई कति प्रभावित पार्छ भन्ने कुराको यकिन गर्न गाह्रो हुन्छ । त्यसमा पनि कतिपय सम्बन्ध भावनात्मक रुपमा गाँसिएको हुन्छ, जसलाई हामीले याद गर्नु बाहेक भौतिक उपस्थितिमा नियाल्न सक्दैनौं । यसै सेरोफेरोसंग सम्बन्धित छ जनकपुरधामका शिरिष ठाकुरको कथा ।

काँधमा झोला र मनमा दिदीको अथाह माया लिएर विद्यालयको स्टेजबाट सुरु गरेको संगीत यात्रा नेपाल आइडलको स्टेजसम्म पुग्यो । दिदीको प्रेरणाले गायक बनेका शिरिष ठाकुर नेपाल आइडलको फिजिकल अडिसनबाट स्टेज सम्मको यात्रा तय गरेका छन् । मंगलबार मात्रै उनले गाएको नेपाली गीतसहितको भिडियो एपि वन टेलिभिजनबाट सार्वजनिक भयो । पुस २७ गते महोत्तरीको बर्दिवासमा भएको फिजिकल अडिसनबाट छनोट भएर जनकपुरधाम देखि काठमाण्डुसम्मको यात्रा तय गरेका ठाकुरले नेपाल आइडलमा गाएको गीत निर्णयकर्तालाई मन पर्यो र उनी अर्का चरणका लागि छनोट भएका छन् ।

ठाकुर सानै छँदा उनले आफ्नो १९ वर्षीया दिदी श्रुति ठाकुरलाई गुमाइन् । श्रुति गीत गाउनमा एकदमै सिपालु थिइन् । बुवासँग गित गाउन विवाह व्रतबन्ध र विभिन्न समारोहहरुमा जाने गर्थिन् । उनलाई क्यान्सरले छोएको थियो । औषधि उपचार गराए पनि दोस्रो पटकको प्रयासमा उनी संसार छाडिन् । श्रुतिको सपना आफुसँगै भाई पनि गायक बन्ने विश्वासमा थिइन् ।

“दिदीको सपना गायक बन्नु थियो । मलाई पनि गायक बन्न उत्प्रेरित गर्नु हुन्थ्यो“ ठाकुर भन्छन् । मेरो दिदी म भन्दा पनि राम्रो गीत गाउनुहुन्थ्यो । म भन्दा पनि राम्रो गायक बनोस् भनेर मेरो दिदीको सपना थियो । म माथि आशावादी थिए । दिदी बितेको ४ वर्ष भयो । दिदी १० कक्षामा पढ्दाखेरि क्यान्सर भएको थियो । क्यान्सरको उपचार भयो, एकचोटीको लागि ठिक पनि भयो । अन्त्यमा क्यान्सर लागेको ३ वर्षपछि बित्नु भयो । गीत गाँउदा पनि दिदीको फोटो हेरेर गीत गाउँछु । फोटो भएन भने मनमै दिदीको इमेज सम्झेर गीत गाउँछु । “ बुवा गीत गाउने काम नै गर्नुहुन्छ । म पनि त्यही काम गर्दै आएको छु । मेरो दिदीको सपना धेरै ठुलो र राम्रो गायक बनुन् थियो । तर त्यो सपना पूरा हुन सकेनन् । म भाई भएर उनको सपनालाई पुरा गर्न लागि परेको छु । भाई भएर सपना पूरा गर्ने मेरो कर्तव्य हो । त्यसैले मलाई नेपाल आइडल मेरो लागि उपयुक्त रहेको र नेपाल आइडल सम्मको यात्रा मेरो लागि अहिलेसम्मकै ठूलो सफलता रहेको’ ठाकुर भन्छन् ।

> “दिदीको सपना गायक बन्नु थियो । मलाई पनि गायक बन्न उत्प्रेरित गर्नु हुन्थ्यो” ठाकुर भन्छन् । मेरो दिदी म भन्दा पनि राम्रो गीत गाउनुहुन्थ्यो । म भन्दा पनि राम्रो गायक बनोस् भनेर मेरो दिदीको सपना थियो ।



दुबै भाइबहिनीसँगै गीत गाउथ्यौं । हामी दुबै जना आफैमा फुर्सदको बेला कोठा बन्द गरेर गीत गाउथ्यौं । एकआपसमा धेरै मिलेर बस्थ्यौं । गीत संगीतमा खुबी थियो । उनीहरु प्रति म सकरात्मक थिए । म पनि सानै देखि गीत संगीतकै क्षेत्रमा काम गर्छु । आफूसँगै छोरा ठाकुर पनि गाउने गर्छन् । बडो खुशी लाग्छ “ शिरिषको बुवा सुनिल ठाकुर भन्छन् ।

ठाकुरको आमा प्रियंका ठाकुर भन्छिन् “छोरीको सपना थियो कि फिल्मी गायिका बन्छु भनेर । जानेबेला सम्म उनी भन्थिन् “मम्मी तिमी चिन्ता नगर “ म निको हुन्छु । निको भए पछि ठुलो गायिका बन्छु । दिदीको त्यो कुराहरु सुन्दा मेरो छोराको मनमा पनि त्यही कुरा बसिसक्यो । दिदीले यस्तो भन्थिन्, म त्यो पूरा गरेर देखाउँछु भनेर ठाकुर भन्न थाल्यो । ठाकुरको लगन हेरेर मलाई लाग्छ कि मेरो छोराले गर्छ ।

गायक ठाकुर गीत गाउन थालेको ५ वर्ष भयो । उनी सानै उमेर देखि गीत संगीत तर्फ रुची राख्थे । उनका बुवा सुनिल ठाकुर गायक हुन् । उनी आफ्नो बुबासँगै गीत गाउन विभिन्न कार्यक्रमहरुमा व्यस्त देखिन्छन् । जनकपुरधाम उपमहानगरपालिका वडा नं १ रेल्वे स्टेशन टोलमा बस्दै आएका उनीहरुको आम्दानीको स्रोत गीत गराए बापत प्राप्त भएको रकम नै हो । अहिले ठाकुर २० वर्ष उमेरका छन् । उनी जनकपुरधामको मोनाष्टिक आवासीय माध्यामिक विद्यालयमा वाणिज्य संकाय तर्फ कक्षा १२ मा अध्ययनरत छन् । विद्यालयबाट घर फर्किए पछि गीत संगीत सुनेर लेख्ने र आफ्नो स्वर दिएर गीत गाउने गर्छन् । उनी गीत संगीतको कुनै क्रोस गर्न पाएको छैन । बुवासँगै गीत गाउन बस्छन् । बुवा सुनिल गीत गाउन सघाउने गर्छन् । ठाकुर पढ्ने विद्यालयमा कार्यक्रमहरु हुँदा जबरजस्त अवसर पाउँदछन् । उनी अध्ययरत विद्यालयमा हुने सबैजसो कार्यक्रमहरुमा उनको स्वर सुनिन्छन् । स्थानीय स्तरमा आयोजना हुने स्टेज सो प्रोग्रामहरुमा उनी आफ्नो स्वरले दर्शक झुमाउने गर्छन् । मैथिली, हिन्दी र नेपाली भाषाका गीत प्रशस्त गाउँछन् । जनकपुरधामका केहि होटल - रेष्टुरेन्ट तथा बारमा समेत सांगीतिक प्रस्तुति हुँदा उनी आफ्नो स्वरले दर्शकलाई झुमाउने गर्छन् ।

# मलंगवा साक्षर नगर घोषणा




**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको सदरमुकाम मलंगवा नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिएको छ । नगरभित्रका ९६.१३ प्रतिशत नागरिक साक्षर भएको दाबीसहित मलंगवालाई सर्लाही जिल्लाको पहिलो साक्षर नगरपालिका घोषणा गरिएको छ ।

नगरप्रमुख नागेन्द्र प्रसाद यादवको अध्यक्षतामा सर्लाही क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य एवम् निवर्तमान खानेपानी मन्त्री महिन्द्रराय यादवले साक्षर मलंगवा घोषणा स्तम्भको अनावरण गर्दै मलंगवालाई साक्षर नगर घोषणा गरेको छ ।

नगरको १२ वटा वडाका १५ वर्षदेखि ६० वर्ष उमेर समूहका पाँच हजार ६३० जनामध्ये पाँच हजार ४१२ जना अर्थात् ९६.१३ प्रतिशत नागरिक सामान्य लेखपढ गर्न सक्ने भए पछि साक्षर नगरपालिका घोषणा गरिएको नगरपालिकाका सूचना अधिकारी राजकुमार अधिकारीले जानकारी दिए । उनका अनुसार प्रत्येक वडामा शिक्षक परिचालन गरि सिकाइ केन्द्र सञ्चालन गरेर १५ वर्षदेखि ६० वर्ष उमेर समूहका नागरिकलाई विभिन्न चरणमा लेखपढ गर्न सिकाइएको छ ।

अभियान सञ्चालनपश्चात् नगरभित्र अहिले ९६.१३ प्रतिशत नागरिक सरकारले साक्षर पालिका घोषणाका लागि बनाएको मापदण्ड अनुसार लेखपढ गर्न सक्ने भएका नगरपालिकाले दाबी रहेको छ । नगरप्रमुख नागेन्द्रप्रसाद यादवले अक्षर नचिन्ने, आफ्नो नाम लेख्न तथा हस्ताक्षर गर्न नसक्ने व्यक्तिलाई सम्झाई बुझाइ गरि सामान्य अक्षर चिन्न सक्ने तथा आफ्नो नाम लेख्न सक्ने बनाइएको बताए ।

पहिलो चरणमा प्रत्येक घरधुरीमा पुगेर निरक्षर व्यक्तिको तथ्यांक संकलन गरि दोस्रो चरणमा शिक्षक परिचालन गरेर सामान्य लेखपढ गर्न सिकाइएको छ । सो कार्यक्रममा मलंगवा नगरपालिकालाई साक्षर बनाउन योगदान पुर्‍याउने सामुदायिक विद्यालयका शिक्षकहरूलाई सम्मान गरिएको छ ।

सो समारोहमा ‘साक्षर मलंगवा नगरपालिका’ नामक पुस्तक विमोचन गरिएको छ । कार्यक्रममा निवर्तमान मन्त्री महिन्द्रराय यादव, प्रदेशसभा सदस्य कौशलकिशोर राय, प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलालगायतले शुभकामना दिँदै आगामी दिनमा पनि सचेतना जगाउने र निरक्षरलाई साक्षर बनाउने अभियानलाई निरन्तरता दिन सुझाव दिए ।

# पूर्व सांसदको अन्तरक्रिया




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले संघीयता संविधानको प्राण रहेकाले यसको रक्षा गर्नुपर्ने बताएको छ ।

जनकपुरधाममा मंगलबार प्रदेशसभामा विधायिकी अभ्यास विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रममा बोल्दै सभामुख मण्डलले मुलुकमा भएको विभिन्न आन्दोलनको उपलब्धि स्वरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थासहितको संविधान, शासन प्रणालीमा महिलासहित हरेक वर्ग समुदायको समावेशी समानुपातिक पहुँच, धर्मनिरपेक्षता, अधिकार र पहिचान समेत अनुभूति हुने गरि कार्यान्वयन भइरहेकाले समाजमा नकारात्मक अपव्याख्यासहित संविधान र संघीयता विरुद्धमा दिग्भ्रमित फैलाउनेहरुलाई कारबाही गर्नुपर्ने बताए ।

पूर्व सांसद मञ्च नेपालको आयोजना तथा मधेश प्रदेशसभाको समयोजनमा भएको अन्तरक्रिया कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले संविधान र संघीयता रक्षाको लागि मधेश प्रदेशले अहम भूमिका निर्वाह गर्नुपर्ने बताए ।

उनले मधेश प्रदेशकै कारण मुलुकमा संघीयता स्थापना भएकोले यसको रक्षाका लागि प्रदेश सरकारले इमान्दारीपूर्वक आमजनतालाई महसुस हुने गरि काम गर्नुपर्ने बताए ।

संविधानसभा सदस्य तथा वरिष्ठ अधिवक्ता खिमलाल देवकोटाले प्रदेश सरकारलाई संचालन गर्ने निकाय प्रदेशसभा रहेकाले प्रदेशसभा सदस्यहरुले आफ्नो अधिकार र कानुन निर्माण सम्बन्धी प्रक्रिया बारे जानकार रहनुपर्ने बताए ।

प्रदेशसभा र प्रदेशसभा सदस्यहरु सचेत रहेमा प्रदेश सरकारले जथाभावी गर्न नसक्ने उनले बताए । उनले प्रदेशसभा सदस्यहरुको हातमा प्रदेश सरकारको लगाम रहने हुनाले यसका लागि आफ्नो अधिकार र कानुनी प्रक्रियाबारे जानकार रहनुपर्ने बताए ।

नेकपा एमालेका नेता परसुराम मेघीले पुर्व विधायिकी अभ्यास र प्रत्यायोजित विधायनमा सरकारको भूमिकाबारे कार्यपत्र प्रस्तुत गरेका थिए ।

सो कार्यक्रममा पूर्वमन्त्री रामेश्वर राय यादव, सांसद शिला यादव, मञ्चका उपाध्यक्ष विष्णु बहादुर राउत, प्रदेशसभा सदस्यहरु, नागरिक समाजका अगुवाहरुको समेत सहभागिता रहेको थियो ।

# राष्ट्रिय अनुसन्धानलाई २५ थान मोटरसाइकल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले राष्ट्रिय अनुसन्धान मधेश प्रदेश कार्यालय तथा मातहत कार्यालयहरुलाई २५ थान मोटरसाइकल हस्तान्तरण गरेको छ ।

मधेश प्रदेश सरकारका गृह सञ्चार तथा कानुन मन्त्री मोहम्मद समिमले राष्ट्रिय अनुसन्धान मधेश प्रदेश कार्यालयका प्रमुख तथा अनुसन्धान निर्देशक डिआईजी संजय कुमार यादवलाई २५ थान मोटरसाइकल हस्तान्तरण गरेको छ । राष्ट्रिय अनुसन्धान संघीय सरकार मातहत रहे पनि त्यसले मधेश प्रदेशको शान्ति सुरक्षासँग प्रत्यक्षरुपमा सरोकार राख्ने भएकोले त्यसको काम कारबाहीलाई चुस्तदुस्त बनाउने उदेश्यले मोटरसाइ्कल हस्तान्तरण गरिएको मन्त्री समिमले बताए ।




राष्ट्रिय अनुसन्धानको काम कारबाहीलाई आधुनिक प्रविधिसँग जोड्न प्रदेश सरकारले २० लाख मुल्यबराबरको कम्युटरसहितका सामग्री वितरण समेत गरिने मन्त्री समिमले बताए । गृह संचार तथा कानुन मन्त्रालयका उपसचिव उत्तम पोखरेलले मोटरसाइकल वितरणले राष्ट्रिय अनुसन्धानको काममा टेवा पुग्ने बताए ।

# लागूऔषध गाँजासहित युवक पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा लागूऔषधसहित एक युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्लाको चन्द्रनिगाहपुर स्थित इलाका प्रहरी कार्यालयको गस्ती टोलीले लागूऔषध गाँजासहित स्थानीय सन्त तामांगलाई पक्राउ गरिएको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन् ।



चन्द्रपुर नगरपालिका-१ स्थित नुनथर क्षेत्रमा १५ किलो ४ सय ग्राम लागूऔषध गाँजासहित पक्राउ परेका तामांगलाई सिन्धुलीबाट बोरामा राखेर पौराई आउँदै गरेको अवस्थामा शंका लागेर प्रहरीले खानतलासी गरेको थियो । उनको साथबाट एकथान मोबाइल र ४० हजार नगद रुपैयाँ समेत बरामद भएको रौतहट प्रहरीले जनाएको छ ।

गाँजाबारे अनुसन्धान भइरहेको उनले बताए ।

# पानी उद्योगीको अपिल



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम प्रशोधित पानी उद्योगी व्यवसाय संघले जथाभावी मुल्य निर्धारण गरिएको पानी सचेत भएर खरिद गर्न सेवाग्राहीसंग आग्रह गरेका छन् ।

जनकपुरधाममा मंगलबार जनकपुरधाम प्रशोधित पानी उद्योगी व्यवसाय संघका विक्रम मण्डलले सेवाग्राहीलाई अपिल गर्दै पिउने पानी उपयोग गर्दा २० लिटर जारको पानी खरिद गर्दा जारमा लेबल र माथिको शिलबन्दी भएको पानी प्रयोग गर्न अनुरोध गरेका छन् ।

अहिले बजारमा प्लास्टिकको मुल्यवृद्धिका कारण चैत १ गतेदेखि प्रीत कार्टुन १२० रुपैयाँ कायम गरिएको जानकारी संघले दिएको छ । जारको पानीको ५० रुपैयाँ मुल्य निर्धारण गरिएको मण्डलले बताए ।

त्यस्तै खुद्रामा प्रति बोतल पानी खरिद गर्दा २० रुपैयाँ तोकिएको उनले बताए ।

# कबिर सद्विचार महामण्डलको सन्त सम्मेलन सम्पन्न

**टुडे समाचारदाता**

सिरहा । सिरहामा कबिर सद्विचार महामण्डल नेपालको सन्त सम्मेलन सम्पन्न भएको छ ।

सिरहा नगरपालिकास्थित भएको सन्त सम्मेलनमा नेपाल तथा भारतका विभिन्न जिल्लाबाट गरि ५० जना महात्मा सन्तहरुको सहभागिता रहेको थियो ।

राष्ट्रिय अध्यक्ष दुखी साहेबको संयोजकत्वमा भएको सो सम्मेलनमा महात्मा रामलखन साहेब र बेचन साहेबले प्रवचन गरेको थियो ।

सो सम्मेलनमा धनुषाको ठेराका कमल साहेब, भारतबाट सतिश साहेबलगायतकाहरुको सहभागितामा भव्यताका साथ सम्पन्न भएको संयोजक दुखी साहेबले जनाएको छ ।

# भेडा बाख्रापालनलाई खोप

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले भेडा बाख्रामा लाग्ने रोग नियन्त्रण तथा रोकथामका लागि खोप अभियान संचालन गर्ने भएको छ ।

जनकपुरधाममा मंगलबार पत्रकार सम्मेलन गर्दै मन्त्रालयको सचिव डा. शरण कुमार पाण्डेयले चैतको पहिलो सातादेखि वैशाख मसान्तसम्म खोप अभियान संचालन गरिने जानकारी दिए ।



उनले किसानको जीविकोपार्जनको आधार रहेकाले भेडा बाख्रा पालन नै रहेकाले यसप्रति गम्भीर हुनुपर्ने बताउँदै खोप अभियान संचालन यही चैत १ गतेदेखि वैशाख मसान्तसम्म संचालन हुने बताए ।

> जनकपुरधाममा मंगलबार पत्रकार सम्मेलन गर्दै मन्त्रालयको सचिव डा. शरण कुमार पाण्डेयले चैतको पहिलो सातादेखि वैशाख मसान्तसम्म खोप अभियान संचालन गरिने जानकारी दिए ।

यस खोप अभियान संचालनबाट पिपिआर रोग उन्मूलन गरिने, प्रदेश भरी पिपिआर रोग न्यूनीकरणका लागि जनचेतना फैलाउने, भेडा बाख्रापालन असल अभ्यासलाई प्रभावकारी ढंगबाट अवलम्बन गराउन सहयोग पुर्‍याउने कार्ययोजना रहेको सचिव पाण्डेयले बताए ।

# होटेलमा युवतीको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामस्थित एक होटेलमा अचेत अवस्थामा फेला परेकी युवतीको मृत्यु भएको छ ।

रामानन्द चोकमा रहेको सिटी स्टार फैमली होटेलमा अचेत अवस्थामा फेला परेकी अन्दाजी २७ वर्षीया खुसखु सुनारको उपचारको क्रममा अस्पतालमै मृत्यु भएको छ ।

उनलाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरधाममा मृत्यु भएको धनुषाका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए ।

युवतीसंगै होटेलमा बसेका दुई युवक भने फरार छन् ।

युवतीको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको उनले बताए ।



यता फरार दुई युवकको खोजीसंगै घटना विषयमा थप अनुसन्धान भइरहेको उनले बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८